बौद्ध मासिक

# धर्म चक्षु



# DHARMA CHAKSHU

मूल्य रू. १५/-

## गुरुङ्गहरुको महान पर्व नयाँ वर्ष 'प्र' ल्होछारले

हत्या, हिंसा, रोकी देशमा शान्ति कायम होस र

संपूर्ण नेपालीहरु मैत्रीपूर्ण वातावरणमा रमाउन पाओस् भन्दै

हामी संपूर्ण दाज्यू भाई दिदी बहिनीहरुको सुख शान्ति र आरोग्यको

**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

क. रक्ष बहादुर गुरुङ्ग, शंकर गुरुङ्ग
गण्डकी अटो ट्रेडर्स
नयाँ बजार, पोखरा

---

## गुरुङ्गहरुको महान पर्व नयाँ वर्ष 'प्र' ल्होछारको

उपलक्ष्यमा देशमा व्याप्त हत्या, हिंसा, र आतङ्क बन्द होस् ।

सबैको सुख, शान्ति र सम्बृद्धिका लागि

**हार्दिक मङ्गलमय शुभकामना**

लामा गुप्ति गुरुङ्ग
(प्रमुख लामा)
सङ्घा छोयरलिङ गुम्बा
सराङकोट गा.वि.स.

---

## गुरुङ्ग जातिको सबभन्दा महत्वपूर्ण पर्व नयाँ वर्ष प्र ल्होछारले

देशमा शान्ति मैत्री ल्याओस् ।

हामी संपूर्ण नेपालीहरुको सुख, शान्ति र आरोग्यको

**हार्दिक शुभकामना प्रकट गर्दछौं ।**

बौद्ध अर्घौं सदन परिवार
गौतम बुद्ध मार्ग, पोखरा

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**Dec. - Jan.: 03/04**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ७, अङ्क ७, पूर्णाङ्क - ३१
पौष - २०६०

**प्रकाशक/प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द, फोन नं :- ५२०५१७

**सम्पादक**
तिलकमान गुभाजू

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
*(विकाशरत्न शाक्य, चेतन सिं ताइवे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**
सविता धाख्वा

**सहयोगीहरु**
याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- ५२०२४६

**कम्प्यूटर सेटिङ्ग**
अनुप बज्राचार्य र आलोक खड्का

**मुद्रण**
हिमालय प्रिण्टर्स, नयाँ बजार

**यो अंक को लागि विशेष सहयोगी–**
राजकुमारी गुरुङ


सम्पादकीय

## नयाँ वर्ष 'प्र' ल्होछारको शुभकामना

हा मीले धेरै पटक भनेका छौं - भगवान बुद्ध नेपालमा जन्मेका, नेपालका सपुत र राष्ट्रिय विभूति हुन्। आफ्ना राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म नेपाल र नेपालीको आफ्नै धर्म हो, साझा धर्म हो र राष्ट्रिय धर्म हो। यो धर्मसंग हाम्रो अत्मियता जोडिएको छ, भावनात्मकता गाँसिएको छ र राष्ट्रियता टाँसिएको छ। त्यसैले विश्वमा बुद्धधर्मको जति प्रचार वढ्दै जान्छ, उति नेपाल र नेपालीको मान, सम्मान बढ्दै जान्छ र शीर उच्च हुन्छ।

बुद्धधर्म र नेपालको सम्बन्ध नेपालको शुरुआत देखि नै अविछिन्न रुपले रहि आएको छ। महामञ्जुश्रीले चोभारको गल्छीवाट पानी खोलि दिए पछि उपत्यकाको निर्माण भै मानिस बस्न योग्य भएको हो। उनले मञ्जुपतन नगर बसाली शासन व्यवस्थाको लागि धर्माकरलाइ राजा बनाए। उनले बस्ती बसाले पछि पहिलो पटक जुन धर्मको शुरुआत भयो, त्यो बुद्ध धर्म नै हो।

त्यसवेला नेपाल अनार्यको देश हो। अनार्यले भरिएको ठाउँमा जहाँ आर्य वा हिन्दूको प्रवेश भएकै थिएन - त्यहाँ आर्य धर्म वा हिन्दू धर्म थियो भन्ने कुरा गर्नु कपोलकल्पित र मनगढन्ते तर्क हो।

बुद्ध धर्मको पञ्चशीलको अनुशीलन गर्नेहरु स्वभावत सरल र सत्यनिष्ट हुन्छन्। यही मापदण्डवाट जनजाति आदिवासीहरुको सरल स्वभाव, झुठो नवोल्ने वानी आदि हेरियो भने पञ्चशीलको प्रभाव उनीहरुमा प्रष्ट देखिन्छ। उनीहरुको समाज समानतामा आधारित छ। उनीहरु ब्राम्हण, क्षेत्री, वैश्य र सूद्रको विभाजनमा पनि पर्दैनन र त्यो विभाजन मान्दैनन् पनि। उनीहरुको मुखाकृति र शरीरको वनोट पनि अर्कै छ। विधर्मीहरुद्वारा अप्रभावित संस्कार, संस्कृति, भाषा, भेष आदि नियाल्दा पनि त्यो कुरा प्रमाणित हुन्छ।

यी सबै कारणले गर्दा, जस्ले आफूलाई आदिवासी जनजाति या मूलवासी भन्दछन्, उनीहरु सबै बौद्ध हुन्। बुद्ध धर्ममा आएको उतार चढाउले गर्दा पछि कोही कता, कोही कता परेका मात्र हुन्। बीचमा भएको गडवडीलाई कसैले आफ्नो विशेषता सम्झनु हुँदैन। पछि अपनाएको कुरा विशेषता हुन सक्दैन। बुद्ध धर्म नेपालको मौलिक धर्म भएको र यसले विश्वव्यापी प्रभाव पारेकाले कुनै पनि नेपालीले अब धर्मको लागि उत्तर र दक्षिण फर्कनु उचित छैन। यसैलाई अपनाएर तथा यसैमा गोलवन्द भएर अगाडि वढ्नुमा नै हामी सबै नेपालीको हित र कल्याण निहित छ।

नयाँ वर्ष "प्र" ल्होछार (वाँदर वर्ष) ले सबैमा धर्मको अभिवृद्धि गरोस र सबैलाई सद्मार्ग तिर लैजाओस् यही हाम्रो शुभकामना छ।

# अनावश्यक विवादको झ्याउलो

**आङदावा शेर्पा**

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी, बोधिज्ञान प्राप्त गरेको बोधगया, प्रथमपटक धर्मदेशना गरेको सारनाथ र महापरिनिर्वाण भएको स्थल कुशीनगर लाई चतुर्महास्थान भनिन्छ । यी चतुर्महास्थान मध्ये लुम्बिनीको दर्शन गर्नाले पुण्य प्राप्त हुने जनविश्वास छ । बुद्ध स्वयले लुम्बिनीको तीर्थयात्रा गर्नु भएको बौद्ध धर्मग्रन्थहरुमा उल्लेख छ ।

भगवान् गौतम बुद्धको जन्म इसापूर्व ६२३ मा लुम्बिनीमा भएको । इसापूर्व २४९ मा मौर्य सम्राट अशोकले लुम्बिनीमा स्थापना गरेको स्तम्भबाट सो तथ्य प्रमाणित हुन्छ । सम्राट अशोकको राज्याभिषेकको वीसौं वर्षमा उनका धर्मगुरु भिक्षु उपगुप्त सहित भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको तीर्थयात्रा गरेर शिलास्तम्भमा अभिलेख कुदाएका थिए । सम्राट अशोकले लुम्बिनीमा स्थापना गरेको शिलास्तम्भ अभिलेख "हिद बुध जाते सक्यमुनिति" (यहाँ शाक्यमुनि बुद्ध जन्मेकाले) "हिद भगव जातेति लुम्मिनी गामे" ( यहाँ भगवान जन्मेकाले लुम्बिनी गाउँमा) कुदिएको भेटिएपछि भगवान गौतम बुद्धको सो जन्मस्थल लुम्बिनी हो भन्ने प्रमाणित भएको हो ।

मौर्यकालदेखि शुङ, कुषाण, गुप्तकालमा एउटै गर्भगृहलाई आधार मानी बनाएको मायादेवी मन्दिर को अवशेष एव राणाकालमा बनेको सो मन्दिरको स्वरुप, पुरातात्विक उत्खनन र अनुसन्धानबाट प्राप्त अवशेषहरुबाट त्यस ठाउँको ऐतिहासिक तथा पुरातात्विक महत्व दर्शाएको छ भने भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी थियो भन्ने कुरा अशोक स्तम्भमा कुदिएको अभिलेख बोलिरहेको प्रत्यक्ष प्रमाण हाम्रो सामु छ ।

दिव्यावदानको कुणालावदान अनुसार राजा अशोकलाई सर्वप्रथम लुम्बिनी वनभित्र लगेर आफ्नो दायाँ हात पसारेर उपगुप्तले भन्नु भएको थियो- "आस्मिन महाराज प्रदेशो भगवान जाते" (महाराज यस ठाउँमा भगवान जन्मनु भएको थियो) सम्राट अशोकले एक लाख स्वर्ण मुद्रा दान गरेर प्रथम चैत्य प्रतिष्ठा गरेका थिए ।

विश्वका विभिन्न तीर्थयात्रीहरुले विभिन्न समयमा भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको तीर्थयात्रा गरेको पाइन्छ । चौथो शताब्दीमा चीनका शुई चिङ चुले लुम्बिनी भ्रमण गरेका थिए । उनका अनुसार सिद्धार्थ जन्मनुपूर्व मायादेवीले समाएको अशोक वृक्ष भएको उल्लेख गरेका छन् । अशोक वृक्ष समाएको मायादेवीको एक मूर्ति त्यसै रुखमुनि भएको र अशोकले सिद्धार्थको पद चिन्हलाई ढुङ्गाले छोपेर सुरक्षित राखेको उनको यात्रा विवरणमा जानकारी गराएका छन् । पाँचौ शताब्दीमा चिनीयाँ तीर्थयात्री फाहियानले भगवान बुद्धको जन्मस्थल लुम्बिनीको तीर्थयात्रा गरेका थिए । उनले पनि पवित्र पोखरीबाट २० पाइला उत्तरमा सिद्धार्थ गौतमलाई जन्माउँदा मायादेवीले समाएको रुख देखेका थिए । सातौं शताब्दीमा चीनियाँ तीर्थयात्री हवेनसाङले भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको तीर्थयात्रा गरेका थिए । उनले पनि भगवान बुद्धलाई जन्माउँदा समाएको वृक्ष सुकेको अवस्थामा देखेका थिए । साथै हवेनसाङले लुम्बिनीमा अशोक शिलास्तम्भ स्थिति र स्तम्भको टुप्पामा घोडाको मूर्ति भएको उल्लेख गरेका थिए । कुशीनगरको अशोक स्तम्भमा बुद्धको महापरिनिर्वाण विवरण भएको लुम्बिनीमा भगवान गौतम बुद्धको जन्म भएको वर्णन हवेनसाङले गरेका छन् ।

चौधौं शताब्दीमा पश्चिम नेपालका मल्ल राजा रिपु मल्लले भगवान गौतम बुद्धको पवित्र जन्मस्थलको तीर्थाटन गरेको पाइन्छ ।

शान्तिका अग्रदूत भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी विगत केही शताब्दीसम्म विश्वसामु

अज्ञानताबाट उपेक्षित भएर रहनुपरेको थियो । सन् १ डिसेम्बर १८९६ का दिन तत्कालीन पश्चिम नेपालका कमान्डिङ जनरल खड्ग शम्शेर र जर्मन पुरातत्व सर्भेयर एलोइस एन्थन फुहररले अशोक स्तम्भ पत्ता लगाई त्यसमा कुँदिएको अभिलेखबाट भगवान बुद्धको जन्मस्थल यकिन भएको हो ।

२४ फेब्रुअरी १९३१ मा जापानका धर्मगुरु फुजी गुरुजीले भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको तीर्थयात्रा गर्नु भएपछि भन्नुभएको थियो- "बुद्ध जन्म भएको ठाउँमा केहि छैन, त्यसैले यस ठाउँको राम्ररी हेरचाह गरी यसको आसपासमा बिहार तथा शान्तिस्तूप बनाउने मैले बिचार गरे । मैले यो काम जीवन भर गर्ने र यस जीवनमा गर्न नसकेको काम अर्को जन्ममा पुरा गर्न आउने अधिष्ठानमा म छु ।" तत्कालिन सरकारलाई अनुरोध गरेतापनि उहाँले लुम्बिनीमा बिहार तथा शान्तिस्तूप निर्माण गर्ने अनुमति पाउनु भएन । अहिले लुम्बिनी गुरुयोजनाको उत्तरी क्षेत्रमा एक सय ५६ फिट अग्लो शान्ति स्तूप र बिहार निर्माण भई सन् २००१ नोभेम्बर मा उद्घाटन भई धार्मिक पाठ, पूजा र तीर्थाटनको निम्ति प्रयोग भईआएको छ ।

काठमाण्डौमा ईसं १९५६ मा सम्पन्न भएको चौथो विश्व बौद्ध सम्मेलनले लुम्बिनीको समुचित विकासको लागि प्रेरित गरेको थियो ।

सन् १९६७ मा संयुक्त राष्ट्र सघका तत्कालीन महासचिव उ-थान्तको लुम्बिनीमा भएको तीर्थयात्रा पछि भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको निर्वाण शुरु भएको थियो । संयुक्त राष्ट्रसंघको महासचिव उ-थान्त र स्व. श्री ५ महेन्द्रको लुम्बिनी भ्रमण पश्चात लुम्बिनी क्षेत्रको विकासको निम्ति राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रयास अगाडि बढेको हो ।

सन् १९६७ मा संयुक्त राष्ट्र सघको तत्कालीन महासचिव उ-थान्तको लुम्बिनी भ्रमण पछि यहाँको विकासक्रम सुरुवात भएको थियो । सन् १९७० मा सयुक्त राष्ट्र सघस्थित नेपालका स्थायी प्रतिनिधिको अध्यक्षतामा नेपाल लगायत भारत, थाइल्याण्ड, लाओस, मलेसिया, श्रीलंका, पाकिस्तान, दक्षिण कोरिया, अफगानिस्तान, इन्डोनेसिया कम्बोडिया, म्यानमार, जापान भएको अन्तर्राष्ट्रिय लुम्बिनी विकास समिति गठन भएको थियो । सन् १९७२ मा बंगलादेश र भुटान समेत समावेश गरी १५ राष्ट्रमा विस्तार गरियो । लुम्बिनी विकासको निम्ति जापानका प्रसिद्ध वास्तुविद् प्रा. केन्जो टाङगेले सन् १९७८ मा तयार पारेको गुरुयोजनालाई संयुक्त राष्ट्र संघ र श्री ५ को सरकारले स्वीकृत गरेपछि लुम्बिनी विकासका निम्ति थालिएका कदमहरु स्पष्ट निर्देशित दिशातर्फ उन्मुख हुन थालेका छन् ।

लुम्बिनी विकास गुरुयोजनाले परिकल्पना गरेको पूर्वाधारको लुम्बिनी विकास कोषको नाममा सात सय सत्तरी हेक्टर अर्थात १ हजार १ सय ५० विघा अधिग्रहण गरि गुरुयोजनाले निर्दिष्ट गरेको तीन माइल लामो (उत्तर दक्षिण), एक माइल चौडा (पूर्व पश्चिम) को भूखण्डलाई लुम्बिनी विकास कोष किटान गरी यसलाई उत्तरबाट क्रमशः नयाँ लुम्बिनी गाउँ, अन्तर्राष्ट्रिय विकास क्षेत्र र पवित्र उद्यान क्षेत्रमा वर्गीकरण गरेको छ।

भगवान गौतम बुद्धको पवित्र जन्मस्थलको विभिन्न पुरातत्वविद्हरुद्वारा उत्खनन गरी भगवान गौतम बुद्धको पवित्र जन्मस्थल प्रमाणित गरिदिएको छ । सन् १८९८ मा भारतका पुरातत्वविद् पूर्णचन्द्र मुखर्जीले सिद्धार्थ जन्म स्मारकको उत्खनन गर्नु भएको थियो । सन् १९३३ देखि १९३९ सम्म केशर शम्शेरको नेतृत्वमा लुम्बिनीको उत्खनन भएको थियो । भारतका पुरातत्वविद् देवला मित्रले सन् १९६२ मा भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको उत्खनन गर्नु भएको थियो । सन् १९७०/७१ मा श्री ५ को सरकार पुरातत्व विभागबाट लुम्बिनीको उत्खनन गरिएपछि सिद्धार्थ जन्मस्थलको स्मारकमा मौर्य, शुङ, कुशान र गुप्तकालको निर्माण, अनेक मुद्रा र मौर्यकालपूर्व माटाका भाँडाका टुक्राहरु, प्राचीन ग्रामको अवशेष तथा मौर्यकालको अवशेष का वास्तुकला आदि भेटाइएका छन् ।

सिद्धार्थ जन्मस्मारकको पूर्वतिरको १९३९ मा

बनाइराखेका खुड्किलो भत्काउँदा तल प्राचीन वास्तुकलाका अवशेष भेटिएको थियो । स्मारकको चारैतिरको प्रदक्षिणा पथसँगै बाहिर र भित्रको उत्खननमा पनि गुप्त, कुशान, शुङ र मौर्यकालीन निर्माण एक पछि अर्को भई खप्टेको स्पष्ट हुन्छ । मौर्यकालीन इट्टा बिछ्याएकै बीचमा केन्द्रीय स्थलमा प्रतिस्थापित पवित्र शिला प्राप्त भएको छ ।

लुम्बिनी विकास कोष, जापानको बौद्ध संघ र श्री ५ को सरकार पुरातत्व विभागको संयुक्त तत्वावधानमा मायादेवी मन्दिरको उत्खनन् कार्य पछि सिद्धार्थ गौतमले पहिलो पटक यस धर्तीमा पदार्पण गरेको अत्यन्त पवित्र स्थललाई गर्भगृह बनाइ चिन्हस्वरुप राखिएको शिला प्राप्त भएकोमा यस ऐतिहासिक स्थलको महत्व अझ बढेको छ । यो नेपालको मात्र नभई विश्वकै लागि गौरवको विपय भएको छ। २० माघ २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले यसको बिधिवत घोषणा गर्नु भएको थियो । विश्व प्रख्यात पुरातत्वविद् प्राध्यापक ए.एच दानी (पाकिस्तान), प्राध्यापक ए.के. नारायण, डा. कृष्णदेव र श्रीलकाका प्राध्यापक सिल्माले सिद्धार्थ गौतमले प्रथमपटक पदार्पण भएको चिन्हस्वरुप राखिएको पवित्र शिलालाई स्वीकार गरेका छन् ।

भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी सन् १९९६ मा संयुक्त राष्ट्र संघ अन्तर्गत रहेको युनेस्को को विश्व सपदा सूचीमा सूचीकृत भएको छ ।

भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा जापान, श्रीलंका, थाइल्याण्ड, म्यानमार, जर्मन, फ्रान्स, अष्ट्रिया, दक्षिण कोरिया, मलेशिया, भियतनाम, भारत आदि राष्ट्रहरुले सरकारी तथा गैर सरकारीस्तरमा गुम्बा, विहार निर्माण गरिरहेका छन् । मंगोलिया र भुटानले सरकारीस्तरमा गुम्बा निर्माण गर्दै भएको छ। भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा सन् २००३ को जनवरी देखि अक्टोबर महिनासम्म विश्वका विभिन्न ५९ राष्ट्रका १९८१९ (नेपाली र भारतीय बाहेक) तीर्थयात्रीहरुले तीर्थयात्रा गरेको तथ्यांक लुम्बिनी विकास कोषको सूचना केन्द्रमा अंकित छ ।

संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भारत सरकारले युनेस्को विश्व सम्पदा सूचीमा १९९७ मा भगवान बुद्धको पवित्र जन्मभूमि लुम्बिनीलाई सूचीकृत गरेको छ । यस्ता तथ्यहरु हुँदाहुँदै केही समाचार-पत्रिकाहरुले भगवान बुद्धको जन्मस्थान अन्यत्र नै भएको समाचार प्रकाशित गर्ने गरेकोले भ्रम भएको छ ।

कुनै ऐतिहासिक प्रमाण नभएकोले त्यस्ता तथ्यहीन प्रचारले कसलाई फाइदा पुग्ने हो ? त्यो भने हामीलाई थाहा हुने कुरा भएन । यथार्थ भने माथि वर्णन भएका नै छन् ।

**नयाँ वर्ष प्र ल्होछार को उपलक्ष्यमा**

देशमा हत्या, हिंसा, आतङ्क बन्द भै शान्ति छाओस् भन्ने कामना गर्दै समस्त नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुख शान्ति र समृद्धिको

**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

श्रीमान्/श्रीमती अ.क्या. काजीमान गुरुङ्ग

तथा परिवार

पूर्व अध्यक्ष बगालेटोल समाज

# बुद्धधर्मको दर्शन र आधुनिक विज्ञानको निक्यौंल- एक रोचक प्रसंग

**आर.बि. वन्द्य**

ईशा पूर्व ५६३ मा नै वर्तमान नेपाल अधिराज्यको दक्षिण पश्चिम तराइ खण्डमा पर्ने लुम्बिनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाको दिन जन्मनु भएका शाक्यमुनि बुद्धले संसाररुपी भव चक्रबाट मुक्त भै सदाको लागि दुःखबाट उन्मुक्त हुने मार्ग पहिल्याउने क्रममा मध्यम मार्गको प्रतिपादन गर्नु भई चतुरार्य सत्य र प्रतीत्य समुत्पाद धर्मलाई प्रकाशित गर्नु भएर मानव इतिहासमा सर्वथा नयाँ विभज्जवादी आर्य मार्गको धर्म, सिद्धान्त र सदाचारी जीवको नूतन दर्शनको प्रतिपादन गर्नु भयो। ईशापूर्व छैठौं शदीको आध्यात्मिक खोजको युगमा महामानव बुद्धको संसार, प्रकृति, प्राणी र मानव मात्रका स्वभावधर्महरुलाई विशुद्ध प्रज्ञा ज्ञानको आधारमा सूक्ष्मातिसूक्ष्म स्तर सम्म केलाउँदै विभाजन गर्दै फार्दै फार्दै लग्नु भइ अनन्त विश्लेषण, विभाजन र विवेचनाको क्रममा त्रिलक्षण धर्म स्वभाव, अनित्य, दुःख र अनात्माका स्वभाववाला नामरुप परमार्थ धर्म स्वभावलाई यथार्थ, वास्तविक र यथाभूत रुपमा हेतु र प्रत्यय, कार्य र कारण सहित पहिचान गर्नु भएर सत्वहरुलाई निर्वाण धर्मसम्म पुऱ्याउन सकिने कर्मवादी, पुनर्जन्मवादी, हेतुवादी, यथार्थवादी र विभज्जवादी नयाँ धर्म र दर्शनको प्रतिपादन, आख्यान र व्याख्यान गर्नु भएको हामी इतिहासमा भेट्टाउँछौं।

यसरी तिनताकाका धर्मकथिकहरु, दार्शनिकहरु र धर्मगुरुहरु मानव मात्रका आध्यात्मिक हित, उन्नति र कल्याणका लागि अन्तर्मुखी ज्ञान, धर्म र दर्शनको खोजीमा लागि परेका देखिन्थे भने बहिर्मुखी विज्ञान र प्रविधिको द्रुततर विकासको आजको युगका विभिन्न विषय र क्षेत्रका वैज्ञानिकहरु र प्राविधिकहरु पनि भौतिकशास्त्र, रसायनशास्त्र, खगोलशास्त्र, अन्तरीक्ष विज्ञान, इलेक्ट्रोनिक्स, माइक्रो-इलेक्ट्रोनिक्स र कम्प्यूटर विज्ञान लगायतका दूर संचार प्रविधि र सूचना प्रविधि सम्वन्धी ज्ञान, जीव विज्ञान, चिकित्सा विज्ञान, जनन विज्ञान (Genetics) आनुवंशकि इन्जिनियरिङ्ग (Genetic Engineering), आणविक जैविकी विज्ञान ( Molecule Biology) र मानव वंशाणुकोष विज्ञान (Genomics) जस्ता विभिन्न वैज्ञानिक ज्ञान र साधनहरुको माध्यमबाट संसार, प्रकृति र प्राणी मात्र का रहस्यहरुका अनन्त अध्ययन, अनुसन्धान र खोजीमा सलग्न रही समय र दूरीमाथि, प्रकृति र प्राकृतिक नियममाथि बढ्दो मात्रामा विजय प्राप्त गर्दै मानव समाजमा व्याप्त रोग, शोक, दुःख र अभावबाट उत्पन्न समस्याहरुलाई समाधान गर्नका लागि जनन विज्ञान र जेनोमिक्सको बलले कृत्रिम र अर्धकृत्रिम तरीकाबाट प्रयोगशालामा प्राणीका अंगहरु विकास गरीकन मानवका अंग प्रत्यंगहरु समेत साटफेर गर्ने, मानवका सूक्ष्म जीवाणु कोष (Cell), जैविक अणु डि एन ए र वंशाणु (Gene) समेतमा परिवर्तन गर्ने साधन, उपचार र प्रविधिको विकास गर्दै जाने सोचाइदेखि लिएर जीव पुनरोत्पादन विधि (Clonning) को प्रविधिबाट जीव सिर्जना गर्ने सम्मका उपाय कौशल्य ज्ञानको विकास र विस्तार गरी समुन्नत, सुविकसित र मानवोचित सुपरिष्कृत मानव जीवन र भौतिक सभ्यता र संस्कृतिको विकासमा तल्लीन रहेका देखिन्छन्। बीसौं शताब्दीको अन्त्यतिर आएर वैज्ञानिकहरुले मानव जीवनको सूक्ष्म संरचना दर्शाउने मानव वंशाणुकोष (जीनोम) को अध्ययनमा प्रारम्भिक सफलता हासिल गरे पश्चात यस अघि दैव शक्तिलाई मात्र थाहा भएको मानिने मानव जीवनको संरचनाको प्रविधि क्षेत्रमा समेत मानव वैज्ञानिकहरुले सफलतापूर्वक पदार्पण

गरेको दावीले आज विश्व वातावरण प्रतिध्वनित हुन थालेको पाइन्छ । मानवको संरचनामा क्रियाशील रहने मानव जैविक अणुमा पाइने करिब एकलाख बीसहजार वंशाणुहरु प्रत्येकको काम, कृत्य र कार्यक्षेत्रको सही पहिचान हुन सकेमा मानव जीवनमा अन्तर्निहित जरा धर्म र व्याधि धर्म स्वभावलाई नै पनि नियन्त्रण गर्न सकिने सम्भाव्यताको अपूर्व सोचको पूर्वानुमानलाई आज वैज्ञानिकहरुले महशुश गर्न थालेका छन् । तसर्थ मानव जीवनको आयुलाई दोब्बर, तेब्बर, चौब्बर गरी अनन्तकाल सम्म बढाउन सकिने हो कि भनी कल्पना गर्न वैज्ञानिकहरु तयार देखिएका छन् । मानव वंशाणुले प्रवाह गर्ने आनुवांशिक सूचनाको आधारमा मानव जीवनको आधारभूत अंग रहेका प्रोटीनहरुले काम गर्ने भएकाले मनव सन्ततिको निरन्तरता कायम रहने तथ्य मात्र वैज्ञानिकहरले पत्ता लगाएका होइनन् कि सो प्रोटिनहरुको निर्वाण हुने प्रोटिन संहिता (Protein Code) को प्रक्रिया आनुवांशिक सहिता (Genetic Code) भन्दा अझ जटिल रहेको तथ्यसम्म पनि आज वैज्ञानिकहरुले पत्ता लगाइसकेका छन् । किनभने वंशाणुहरुले प्रोटिनहरुलाई मानव संरचनाको कार्य गर्न प्रवृत्त गर्ने मात्र हुन् । वास्तवमा मानव संरचना तयार गर्ने कार्य त यिनै प्रोटिनहरुले नै गर्ने हुन् भन्ने ज्ञान र आभाष वैज्ञानिकहरुले प्राप्त गरिसकेका छन् ।

भूउपग्रह र स्याटेलाइटको आविष्कारबाट दूरदर्शन र दूरसंचारको क्षेत्रमा आमूल परिवर्तन ल्याए झैं र कम्प्यूटरको क्षेत्रमा माइक्रोचिप्सले क्रान्ति ल्याए झै छिट्टै डाक्टरहरुले मानव जैविक उपकरण बायोचिप (Biochip) को आधारमा मानव रोग व्याधिको उपचार मा एकदम नौलो क्रान्ति ल्याउन सकिने सम्भाव्यताको स्वप्न पनि आज वैज्ञानिकहरुले देख्न थालिसकेका छन् ।

यसरी मानव समाजमा व्याप्त अन्धविश्वास र अन्ध संस्कारलाई छिन्न भिन्न पार्दै विकसित हुन थालेको आजको विज्ञानले संसार र प्रकृति, पदार्थ र प्राणी, पृथ्वीमण्डल र अन्तरीक्ष समेतका अनन्त रहस्यहरुको निरन्तर खोजी गर्ने क्रम जारी नै राखेको छ । मानव जातिमा जन्मजात पाइने असीतिम जिज्ञासालाई शान्त गर्ने, मानव जातिको हित सुख र कल्याणका लागि उपाय र मार्ग पहिल्याउने, विज्ञान र प्रविधिको युगले साँगुरो बनाउँदै लगेको विश्वग्रामको वर्तमान अवधारणाबाट आविष्कारकहरु र नवीनताका प्रवर्तक निर्माताहरु (Inventors & Innovators) ले नयाँ नयाँ खोज र आविष्कार गरी अत्यधिक आर्थिक लाभ र फाइदा हासिल गर्ने र आ-आफ्ना देशको हितको सुरक्षा र प्रतिरक्षा गर्ने जस्ता थरीथरीका उद्देश्यहरु र लक्ष्यहरु प्राप्त गर्ने क्रममा वैज्ञानिकहरुले प्रकृति र पदार्थ, जीव र संसारको यथार्थता पत्ता लगाउन जड र जीव, पदार्थ र प्राणीलाई पहिचान गर्न, विश्लेषण गर्न, विभाजन गर्न र विवेचना गर्न अनेकानेक एक से एक अत्याधुनिक औजार र उपकरणहरु, यन्त्र र प्रयोगशालाहरु, प्रविधि र फर्मूलाहरुको विकास गर्दै भौतिक यन्त्र, गणित प्रकाशको किरण र रसायनिक विश्लेषणको आधारमा प्रकृति, पदार्थ र प्राणी लाई सूक्ष्मातिसूक्ष्म रुपमा फारी फारीकन केलाई केलाइकन अनन्त विश्लेषण, विभाजन र वर्गीकरण गर्दै विवेचना गर्दै अध्ययन र अनुसन्धान गर्दै जाँदा आज यसरी निष्कर्षमा आइपुगेका छन् कि यस संसारमा हाम्रा चर्मचक्षु र स्थूल ज्ञानको सामु चिरस्थायी देखिने स्थूल, कडा र ठोस पदार्थहरु जति छन् ती वास्तवमा क्षण क्षण परिवर्तन हुँदै सदैव प्रवाहको रुपमा मात्र रहेका एक घडी, एक पल, एक विपला, एक सेकेण्ड भर पनि अपरिवर्तनीय र स्थिर नरहने केवल उत्पत्ति हुँदै निरन्तर विनाशको प्रक्रियामा रहेका निरन्तर घटन, संघटन र घर्षण हुँदै उत्पत्ति हुँदै विनष्ट हुँदै जाने खालका इलेक्ट्रोन, प्रोटोन, न्यूट्रोन जस्ता सूक्ष्मातिसूक्ष्म उपपरमाणु धातुरजकणहरु (Subatomic Particles) को गतिशीलताबाट निर्मित हुनाले सतत परिवर्तनशील रहेछन् । त्यसरी नै जीव र प्राणी मात्रका आधारभूत तत्वको रुपमा रहेका जीवाणुकोष (Cell), केन्द्रिका (Nucleus), केन्द्रिका रेशाहरु (Chromosomes), जैविक अणु, डि. एन. ए., वंशाणु र प्रोटीनको सूक्ष्मातिसूक्ष्म वैज्ञानिक विभाजन, विश्लेषण र विवेचनाबाट वशाणु र प्रोटीनका मूल आधार रहेका जैविक अणु डि.एन.ए. त वास्तवमा

थुप्रै न्यूक्लिओटाइड नामक रसायनहरु मिलि निर्मित रहेछन् भन्ने कुरा पनि वैज्ञानिकहरुले पत्ता लगाएका छन् । यसबाट जीवमा समेत यथार्थरुपमा केलाउँदा परम्परागत मानव धर्म र दर्शनको मान्यता अनुरुप शाश्वत, स्थिर र अविनाशी स्वभावको कुनै तत्व जीवको संरचनामा फेला नपरेको तथ्य र सत्य वैज्ञानिकहरुले हाल अनुभव गर्न थालेका छन् ।

इ.पू. छैठौं शताब्दी अघि नै तथागत शाक्यमुनि बुद्धले आफ्ना प्रज्ञा ज्ञानद्वारा विश्वसामु अनित्य, दुःख र अनात्माको सर्वथा नयाँ धर्म दर्शन प्रतिपादन गर्नु भएको कुरा यहाँ समुल्लेखनीय छ । आज आएर वैज्ञानिकहरुले पनि आधुनिक विज्ञान र प्रविधिको खोजीकै क्रममा समेत संसारको त्रिलक्षण धर्म स्वभाव विषयका बुद्ध धर्मका दार्शनिक आधारहरुलाई पुन सिद्ध र प्रमाणित गर्दै जान थालेको रोमाञ्चक अनुभूतिको आभास मिल्न लागेको छ । यो संयोग आधुनिक मानव जगतका बुद्धिजीविहरु र विवेकशील शिक्षित जनका लागि कम महत्वको कुरा होइनन् ।


नयाँ वर्ष "प्र" ल्होछारले सबैमा सद्बुद्धि ल्याई देओस्, आफ्नो के हो र अर्काको के हो भन्ने छुट्याउने विवेक जगाइ देओस् र आपसी हिंसा बन्द गरी शान्ति मैत्री ल्याई देओस् ।

यही शुभकामना छ ।

भक्त बहादुर गुरुङ्ग
रत्नचोक, सिमल चौर, पोखरा -८

**नयाँ वर्ष 'प्र' ल्होछार को उपलक्ष्यमा**

देशमा हत्या, हिंसा, आतङ्क बन्द भै शान्ति छाओस् भन्ने कामना गर्नुका साथै समस्त नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुख शान्ति र सम्वृद्धिको

**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

श्रीमान्/श्रीमती लक्ष्मी गुरुङ्ग
तथा परिवार
पार्दी-१५

"प्र" ल्होछार को हार्दिक शुभकामना

**नयाँ वर्ष "प्र" ल्होछारको शुभ अवसरमा हामी संपूर्ण नेपालीको सुख शान्ति र आरोग्यका लागि शुभकामना व्यक्त गर्दछौं ।**

श्रीमान्/श्रीमती डि.बी. गुरुङ्ग
तथा परिवार
पार्दी-१५

# नेपालमा बुद्धधर्मको अवस्था

प्रा.डा.वज्रराज शाक्य

गौतमवुद्ध जन्मनु भएको नेपालमा बुद्धधर्म प्रचार प्रसार गर्नमा अवरोध खडा भई भिक्षुहरुलाई नेपालबाट विदेश धपाएको विरोधमा धर्मस्वतन्त्रताको लागि धर्मोदय सभा गठन भएको आज भ्रण्डै ६० वर्ष भयो । लामो एवं थेरवादी भिक्षुहरुलाई बुद्धधर्म प्रसार प्रचार गरेकोमा अपराधी ठानीएको थियो । त्यस्तै आफ्नो मातृभापा नेपालभापामा सार्वजनिकरुपमा धर्म प्रचार गर्दा सम्म पनि धर्मप्रचारकहरुलाई थुनिएको थियो । यसरी धार्मिक स्वतन्त्रताता चाहे विदेशीबाट होउन् चाहे स्वदेशीबाट होउन्, प्राप्ति हुनु नेपाली बौद्धहरुको लागि एउटा ठूलो चुनौती रहिआएको सिन्दर्भमा आज बुद्धधर्म नेपालमा कुन स्थितिमा छ नियालेर हेर्नु जरुरी देखिएको छ । खास गरी बुद्ध धर्मको स्थितिको समीक्षा गर्नुपर्नाको आवश्यकता त्यसवेला भयो जव दिवंगत हुनुभएका श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले लुम्बिनीमा वुद्धको जन्म स्थल जहां मायादेवीको मन्दिर रहेको छ, त्यस तीर्थस्थल नव निर्माण गर्ने सिलसिलामा बौद्ध धारणा र भावनाको विपरीत निर्माणको ढांचामा अवौद्ध धारणाले थिचोमिचो हुन गइरहेको तथ्यलाई धर्मोदय सभाको बैठकमा भावपूर्ण अभिव्यक्ति गर्नुभएको थियो । उहांले वुद्धधर्ममाथि थिचोमिचो हुन लागेको जानकारी दिई धर्मोदय सभाले पुनः आफ्नो जन्मकालको स्थिति मनन गरी विचार गर्न निर्देशन दिनुभएको थियो । त्यहां बैठकमा राष्ट्रिय सम्मेलन गर्ने र राष्ट्रिय सम्मेलनमा नेपालमा वुद्धधर्मको वर्तमान स्थितिबारे कार्यपत्र प्रस्तुत गर्ने निधो भएको थियो । यसैले यस कार्यपत्रमा मुख्य गरी नेपालमा वुद्ध धर्मको प्रचार प्रसार र संरक्षणको लागि वुद्धधर्मको अवस्था प्रस्तुत गर्न खोजेको छु र समीक्षाको लागि वुद्ध धर्मसम्वन्धी विभिन्न पक्षहरुको स्थिति पेश गरिएको छ ।

पूर्व ऐतिहासिक कालदेखि वुद्ध भूमिको रुपमा चिनिंदै आएको नेपालमा विभिन्न जातिहरु बुद्धधर्म मान्दथे भन्ने कुराहरु विभिन्न स्रोतबाट थाहा भई आएको कुरा हो । नेपालको जनगणनामा पहिलोपल्ट धर्मअनुसारको जनसंख्या सन् १९५२/५४ को जनगणनामा रहेको थियो र त्यसबेला बौद्धहरुको जनसंख्या ७०७,१०४ अर्थात ८.९ प्रतिशत रहेको थियो । पछि आएर १९९१ को जनगणनाअनुसार बौद्ध जनसंख्या प्रतिशतमा घटेर ७.८ प्रतिशतमा पुग्यो । संख्याको हिसाबले १,४३९,१४२ रह्यो । सन् २००१ को जनगणनामा प्रतिशत १०.७ मा पुग्न गई संख्याको हिसाबले २,४४२,५२० मा पुग्यो । १९९१ -२००१ को दशकमा नेपालको जनसंख्या २३ प्रतिशतले बढ्यो । यस अवधिमा बौद्ध जनसंख्याको वृद्धि भ्रण्डै ७० प्रतिशत बढेको तथ्याङ्क डा. हर्क गुरुङले आफ्नो लेखमा जनाउनु भएको छ । बौद्ध जनसंख्या थोरै भएपनि बढ्नु खुशीको कुरा हो । यसबाट के स्पष्ट हुन आउँछ भने यदि बौद्धहरु जागरुक रहन सकेको खण्डमा बौद्ध जगणनामा प्रतिशत बढ्दो रहेछ । २००१ को एक वर्ष अगाडिदेखि धर्मोदय सभाको तत्वावधानमा १०२ बौद्ध संघ संस्थाहरुको संयुक्त प्रयासमा जनगणनाबारे सचेत गराउंदा जनगणना सम्वन्धमा हुने भूलहरु कममात्रामा हुन गएको भान हुन्छ । बौद्धहरुले पनि आफूलाई बौद्ध भनी जानी बौद्धको रुपमा गौरव मानेकोले यो वृद्धि भएको मान्न सकिन्छ । विभिन्न जनजातिहरुले आफ्नो परम्परागतरुपमा बौद्ध भएको र राजनैतिक कारण र पेशागत कारणले अरु धर्म जनाउनुपर्ने बाध्यताहरु बुझ्न थालेकोले बौद्धहरुको जनसंख्या बढ्न गएको मान्न सकिन्छ । जनगणनामा हिन्दूहरुको जनसंख्या कसरी वढी देखिएको र बौद्धहरुको जनसंख्या कसरी घटी देखिएको भन्नेवारेमा विश्लेषण गर्दा केही कारणहरु घाम जस्तै छर्लङ्ग हुन आउंछ जुन डा. हर्क गुरुङले आफ्नो लेखमा धेरै रोचक ढङ्गले स्पष्ट रुपमा देखाउनु भएको छ । डा. गुरुङले लेख्नु भएको छ : सन् १९९१ र २००१ को जनगणनाअनुसार हिन्दू

जनसंख्यामात्र हिन्दू जातको जनसंख्या भन्दा बढी थियो। अन्य धर्मको जनसंख्या चाहिं सम्बन्धित धर्मलाई परम्परागतरुपमा मान्ने जात जातिको जनसंख्या भन्दा घटी थियो अर्थात् वर्णाश्रमबाहिरका जातिकाले पनि आफूलाई हिन्दू जनाएकाले हिन्दू जनसंख्या बढी र तिनीहरुको जातीय धार्मिक समूहमा जनसंख्याको अनुपात कमी हुने भयो। जनगणना १९९१ मा हिन्दू जातको जनसंख्या भन्दा हिन्दू धर्म जनाउनेहरु ३४ प्रतिशत बढी थियो। सोही जनगणनाअनुसार बौद्ध जनाउने जनसंख्या शोपित सम्बन्धित जातिको जनसंख्याभन्दा ३५ प्रतिशत घटी थियो। किराँती जातिका कुल जनसंख्यामध्ये ३६.९ प्रतिशतले मात्र किराँती धर्म जनाए। अथवा ६३.१ प्रतिशत किराँतीहरु अन्य धर्म अन्तर्गत गणना भयो। किराँती जिल्लाहरुमा हिन्दूहरुको बाहुल्य हुनाले धेरैले आफूलाई हिन्दू जनाएको हुनु पर्दछ। जनगणना २००१ को अनुसार पनि हिन्दू जातभन्दा हिन्दू जनाउने जनसंख्या बढी र अन्य धर्ममा विपरीत स्थिति कायम छ। यसरी हिन्दू जातभन्दा हिन्दू धर्म जनाउने २७.२ प्रतिशत बढी छ। सम्बन्धित जनजातिको जनसंख्या भन्दा तिनीहरुको परम्परागत धर्म जनाउने जनसंख्या बौद्धमा ११.९ प्रतिशत घटी र किराँतीमा २९.९ प्रतिशत घटी छ।

१९९१ र २००१ को जनसंख्याको तथ्यांकले एउटा Trend लाई स्पष्ट पार्दछ। विभिन्न जातिहरु आफ्नो परम्परागत धर्मप्रति सजग भएको जातजाति र सम्बन्धित धर्मबीचको घट्दो जनसंख्या अन्तर र जातजातिको तुलनामा धर्मसम्बन्धी जनसंख्याको वृद्धि प्रतिशतको बेमेलले प्रमाणित गर्दछ। १९९१ को तुलनामा २००१ मा बौद्ध जातिमा बौद्ध जनाउने न्यूनता ३५ प्रतिशतबाट ११.६ प्रतिशतमा घट्यो। बौद्ध जातिको जनसंख्या २४.९ प्रतिशतले बढ्यो भने बौद्ध जनाउनेहरु ६९.७ प्रतिशतले बढ्यो।

हिन्दू जातजातिभन्दा हिन्दू जनाउनेहरुको संख्या १४.६ प्रतिशतले मात्र बढेको र जनसंख्या २५.२ प्रतिशतले बढेको भएतापनि हिन्दू जनसंख्या बढी नै देखापरेको स्पष्ट छ र यसको प्रमाण बौद्ध जनसंख्यामा परेको भई बौद्ध जनसंख्या घटेको पनि स्पष्ट हुन्छ।

हिन्दू जातिभित्र चार जात बाहुन, क्षेत्री, वैश्य, शूद्रमात्र पर्दछ भन्ने कुरा सबैलाई थाहा छ। चारजात बाहेक अरु सबै अहिन्दू हुन्। हिन्दूकरणको सिलसिलामा अहिन्दूहरुलाई शूद्र जातअन्तर्गत राखी हिन्दूको संख्या बढी देखाएको पाइन्छ। त्यही जातमा हरेराममण्डलीका क्रिश्चियनहरु जो हिन्दू सन्यासी भए, तिनीहरुलाई पशुपति आदि हिन्दू मन्दिरहरुमा जान दिइएको छैन। किराँतहरुको जनसंख्या हेर्दा जातीयताको हिसावले संख्यामा जात संख्या २८.१ प्रतिशत बढ्यो र किरात जनाउने १५७ प्रतिशत बढ्यो। जो अझै किरात जनाउन बाँकी छ उनीहरुले आफूलाई हिन्दू जनाउने गरेको देखिन्छ। ती किराँतहरु कुन किसिमका हिन्दू भए ? ती किराँतहरु बाहुन भए कि क्षेत्री भए कि वैश्य वा शूद्र भए ? ती किराँतहरु हिन्दू हुँदा अवश्य पनि शूद्रको


नयाँ वर्ष "प्र" ल्होछारको शुभ अवसरमा
हामी सम्पूर्ण नेपालीको सुख शान्ति र आरोग्यका लागि
**शुभकामना व्यक्त गर्दछौं।**

श्रीमान्/श्रीमती रुद्र घले
कमला आयल स्टोर्स परिवार
नागढुङ्गा, फोन: ५२२६२१
(सचिव- बौद्ध अर्घौं सदन)

रुपमा मानिएका होलान् ।

कोहि जनजातिहरु पेशागत हिसावले उनीहरुले नेपालमा रोजगारको अवसर नपाउने कारणले विदेशी पल्टनमा लाहुरे भई काम गर्न बाध्यता थियो । बौद्ध जनाउँदा मारकाट नगर्ने जाति भनी पल्टनमा नछानिने हुँदा हिन्दू लेख्ने गरेका कुराहरु प्रशस्त पढ्न पाइन्छ । स्वदेशी तथा विदेशीहरु हिन्दू भनेपछि मारकाट गर्ने जात भनी चिन्दथे र पल्टनमा हिन्दूहरुलाई लिन्थे । यही कारणले गुरुङ मगर किराँती जातिकाहरुले पल्टनमा जागिर खाँदा हिन्दू लेखाएको हुन्थ्यो र अनि छोरा नातिहरुले पनि बाबु बाजेको अनुसार धर्म हिन्दू लेख्दै आफ्नो पेशा पल्टनमा जागिर कायम राख्ने गरिआएको देखिन्छ । यी धर्म परिवर्तन गरी हिन्दू बनेका जनजातिहरुले कुन किसिमका हिन्दू हुन् भनेर हिन्दूहरुको समाजमा आफ्नो अस्तित्व खोज्ने हो भने उनीहरुले सोच्नुपर्छ कि वाहुन क्षेत्रीहरुले के आफ्नो छोरी बेटीलाई कुनै जनजातिका छोराहरुलाई हिन्दूपरम्परागत हिन्दू विधिअनुसार बेद पढेर बर्ज गरी आफ्ना सबै नाता कुटुम्ब बान्धवहरु बोलाई विवाह गरिदिन्छन् ? यसरी जनजातिहरु वाध्यतावश आफ्नो धर्म नजनाई हिन्दू जनाउनु परेको र आफूलाई यस कुराको जानकारी भएपछि पुनः सजग भई जातिअनुसारको परम्परागत धर्म जनाउन थालेको बौद्धहरुको लागि उत्साहवर्धक कुरा हो ।

बुद्धको जन्मस्थल लुम्बिनी नेपालस्थित बौद्धहरुको मात्रै नभएर सम्पूर्ण बौद्धहरुको तीर्थस्थल रही आएको र सिंगै नेपाल राष्ट्रको इज्जत र गौरवको स्थल रहेको छ । लुम्बिनीको महत्वको बारेमा लेख्नु आवश्यक नपर्ला तर अहिले देशमा चलेको हिंसा हत्या गरिवी भ्रष्टाचारलाई दृष्टिगत गर्दा लुम्बिनीमा जन्मनुभएका गौतम बुद्धको शान्तिको सन्देशलाई नेपालीले झनझन सम्झदै आएको कुरा संचारका माध्यमहरुवाट स्पष्ट हुन्छ । खास गरी अहिलेको चासो भनेको वुद्ध जन्मेको जन्मस्थल हो जुन निर्माणाधीन छ । श्री ५ को सरकारले यस स्थलको निर्माणको लागि वजेट छुट्याएको सकारात्मक पक्ष हो तर झण्डै आठ आठ करोड रुपैयाँको बजेट पाएर लुम्बिनी विकास कोषको निगरानीमा नेपाल ईन्जिनियरिङ इन्स्टिट्यूट, त्रि.वि.ले जिम्मा लिएको निर्माणको काम समयमा सम्पन्न नभई वर्तमान दयनीय अवस्थामा रहिरहनु अवश्य पनि दुःखलाग्दो कुरा भएको छ र अन्तर्राष्ट्रिय बौद्धजगतको अगाडि इज्जतको सवाल हुन गएको छ ।

वुद्ध जन्मस्थल लुम्बिनीलाई हाल भारतका केही व्यक्तिहरुले विवादास्पद विषय बनाउन खोजेकोमा नेपाल बौद्धहरुमात्र होइन, तमाम नेपालीहरु जो वुद्धप्रति आस्था राख्दछन् तिनीहरुको भावनामा चोट परेको छ ।

लुम्विनीमा खास गरी यू.एन.ओ.का तत्कालीन सेक्रेटरी जनरल उ थान्तले श्री ५ महाराजाधिराज महेन्द्रसित भेटी लुम्बिनीको विकासबारे कुरा भएपछि लुम्बिनी विकास कोष बनी विकासको पूर्वाधारहरु खडा भए । विकासको लागि अरु काम आवश्यक हुँदै गयो । नेपालमा सम्पन्न भएको चौथो र पन्ध्रौ विश्व बौद्ध सम्मेलनको मुख्यविषय नै लुम्विनीको विकास रहेको थियो । खासगरी पन्ध्रौं विश्व बौद्ध सम्मेलनले नेपालीहरुको मानसिकतामा लुम्बिनीप्रति श्रद्धा जगाएको थियो र लुम्बिनीको विकासबाट सम्पूर्ण राष्ट्रकै विकास गर्न सकिन्छ भन्ने धारणा रहन गयो । लुम्विनीलाई पर्यटन तथा तीर्थस्थलको रुपमा विकास गर्न पन्ध्रौ विश्व वौद्ध सम्मेलनले वातावरण तयार गराई विभिन्न राष्ट्रहरुलाई आ-आफ्नो विहारहरु बनाउन दिने नीति अपनाई आज लुम्बिनीको स्वरुपमा परिवर्तन भएको छ । पछि पटकपटक लुम्बिनीमा अरु पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरु भए र श्री ५ को सरकारले लुम्बिनीको विकासमा बढी चासो लिन थालेको उत्साहवर्धक कुरा हो ।

बुद्ध जन्मेको तीर्थस्थलको रुपमा रहेको ठाउँलाई मायादेवी मन्दिर भनिएको छ, जुन बिल्कुलै उपयुक्त छैन । त्यस स्थल मायादेवी भन्दा पनि बुद्धको जन्मस्थल भएको हिसावले बढी महत्वको छ ।

लुम्बिनीमा बुद्धजन्मस्थल ढिस्को (स्तूप) को रुपमा रहेको कुरा त्रि.वि. पुरातत्व विभागका प्राध्यापक

दिवस ढकालले उल्लेख गर्नुभएको छ । सो लेखमा केशरशम्सेरले उत्खनन् गर्ने सिलसिलामा सो स्तूपको रुपमा रहेको ढिस्कोलाई सम्म पारेको कुरा पुरातत्वको इतिहासमा ठूलो दुर्घटना भएको कुरा उल्लेख गरिएको छ । यसबाट लुम्बिनीमा बुद्धजन्मस्थल स्तूपकै रुपमा भएको प्रमाणित हुन आउँछ । मज्झिमनिकाय र चीनिया यात्रीहरुको वर्णनबाट पनि सो जन्म स्थल स्तूपकै रुपमा रहेको वर्णन पाइन्छ । लुम्बिनी, कपिलवस्तु र रामग्रामहरुमा स्तूपहरु अझै अवस्थित छन् । बौद्धपरम्पराअनुसार पनि बुद्धसम्बन्धी जति पनि वस्तुहरु छन् ती प्रायजसो सबै चैत्य आकारमा रहेको पाइन्छ । पागोडाशैलीका भवनहरु पनि वास्तवमा चैत्यकै विकसित रुप हुन् । ललितपुरमा अशोकले बनाएका स्तूपहरु र चैत्यहरु अझै विद्यमान रहेका छन् । लुम्बिनीमा पनि अशोकले भिक्षुहरुको सल्लाह लिई सिद्धार्थ जन्मस्थलमा स्तूप नै बनाएको हुनुपर्दछ जसलाई केशरसम्शेरले उत्खननको सिलसिलामा सम्म पारेको कुरा माथि उल्लेख भईसकेको छ । यसैले बौद्धसिद्धान्त र परम्परा अनुसार बौद्धहरुको भावनाअनुरुप सिद्धार्थ जन्मनुभएको स्थानको नाउँ मायादेवी मन्दिर नभई "सिद्धार्थ जन्म स्तूप" हुनुपर्ने देखिन्छ । त्यही हिसाबले सो को वास्तुकला पनि चैत्यकारको हुनपर्ने देखिन्छ । लुम्बिनीका विकास कार्यमा हाम्रा मित्र राष्ट्रहरुले धेरै सहयोग गरिआएका छन् । भारत, चीन, श्रीलंका, म्यान्मार, भियतनाम, कोरिया, जापान आदि मित्रराष्ट्रहरु लुम्बिनी क्षेत्रभित्र विहार र अरु विकास निर्माणको कार्यमा सहयोग गरेका छन् र अझै केही निर्माणाधीन छन् । यस कार्यको सिलसिलामा ती मित्रराष्ट्रहरुले धेरै दुःख भोग्नुपरेको कुरा देखिन आएको छ । पीस पैगोडा बनाउने क्रममा एकजना जापानी भिक्षुको हत्या नै भयो । निर्माण सामग्रीहरुको व्यवस्थापनमा निकै व्यवधान खडा हुन गएका कुराहरु नसुनिएको हैन । हाल कोरियाको विहार बनाइरहनु भएका कोरियाली भिक्षु विहार निर्माणको क्रममा व्यवधान खडा भएर होला, ठूलो मानसिक पीडा भई उपचारार्थ कोरिया जानुपर्ने स्थिति पैदा भएको कुरा जानकारीमा आएको छ । अरु मित्रराष्ट्रहरु, जसले त्यहाँ निर्माण कार्य गर्दै आएका छन्, ले अप्ठ्यारो स्थिति भोगिरहेको कुरा सुनिएको हुँदा लुम्बिनी बिकास कोष, राष्ट्रिय बौद्ध संस्थाहरु र श्री ५ को सरकारले आवश्यक पहल गरी वहाँहरुसित सम्बन्ध बिग्रन नदिन समयमा नै उचित वातावरण सिर्जन गरिदिनुपर्ने देखिन्छ । लुम्बिनीमा भ्रष्टाचारको कुरा पनि वारम्वार सुनिने गरिन्छ । यस उसले श्री ५ को सरकारको भ्रष्टाचार निवारणसम्बन्धी निकाय, जो हाल निकै सक्रिय देखिन्छ, यसतर्फ पनि ध्यान दिई भ्रष्टाचार भएको हो होइन छानबिन गरी आवश्यक कदम चालोस् ।

भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेपछि सर्वप्रथम सारनाथमा पञ्चवर्गीय शिष्यहरुलाई धर्मदेशना गर्दा सम्बोधन गर्नुभएको थियो "भिक्षुहरु हो, मैले मृत्यु नहुने अवस्था पत्ता लगाइसकेको छु।" भगवान बुद्धको चिन्तन कसरी मृत्यु हुनुपर्ने अवस्थाबाट मृत्यु हुनु नपर्ने अवस्थामा पुग्ने हो । दुःखको स्थितिबाट दुःख रहित स्थितिमा नपुग्ने हो भने बुद्धको शिक्षाको कुनै अर्थ नै हुँदैन। दुःखरहितको अवस्था 'निरोधको अवस्था' निर्वाणको अवस्था, सम्यक्सम्बोधिको अवस्थालाई विभिन्न पक्षबाट हेर्न सकिन्छ । जुनसुकै पक्षबाट हेर्दा पनि त्यो अवस्था परम शान्तिको अवस्था हो, आनन्दको अवस्था हो, स्वतन्त्रताको अवस्था हो । त्यो निरोध अवस्थाको प्रतीक हो - स्वयम्भू चैत्य । स्वयम्भूले जहिले पनि हामीलाई दुःखको अवस्था अर्थात् मृत्यु हुने अवस्थाबाट दुःखरहित अवस्था जुन हाम्रो गन्तव्य अवस्था हो त्यसतर्फ जान प्रेरणा दिइरहेको हुन्छ । यसैले स्वयम्भू चैत्यकै स्वरुप नेपालको मात्र होइन संसारको बौद्ध प्रभाव रहेका ठाउँहरुमा चैत्यहरु स्थापित भएका छन्, जसले हामीलाई मृत्युरहित अवस्थामा जान सकेत गरिरहेको हुन्छ ।

नेपालमा लुम्बिनीको साथमा स्वयम्भू पनि रहिआएको छ र यो पनि विश्वसम्पदा घोषित भैसकेको छ। नेपालीहरु वर्षभरि नै अनेक चाड पर्वमा स्वयम्भूको दर्शन गर्न धार्मिक क्रिया पूजा पाठ गर्न गइरहेका हुन्छन् । परम मूल्य मान्यताको स्रोत केन्द्रको रुपमा रहेको स्वयम्भूमा अनेक गुठी संघ संस्थाहरु रहिआएका

छन् । देश विदेशका राज्यका अधिपतिहरु यस स्थलको दर्शनार्थ आएका छन् । नेपालकै राजा महाराजाहरुले यो स्थानमा अनेक किसिमका पूजाहरु गरी दान दक्षिणा चढाएका छन् । यसरी चढाइएका सामानहरु सुरक्षित अवस्थामा रहनु अति आवश्यक छ तर ती सामानहरु सुरक्षित अवस्थामा छन् कि छैनन् यसको यथास्थिति जनसमक्ष ल्याउनुपरेको छ ।

विश्वको सांस्कृतिक मानचित्रमा नेपाल एउटा महत्वपूर्ण स्थान रहेको छ । भगवान् शाक्यमुनि बुद्धको जन्मस्थल भएको कारणले मात्र नभै यहाँ विद्यमान अनगिन्ती विहार, बही, गुम्बा, मन्दिर, चैत्य, ग्रन्थहरु, चाडपर्व र बौद्ध जीवनपद्धति आदिका कारण विश्वको बौद्ध संस्कृति क्षेत्रमा यस देशको विशेष स्थान छ । आधुनिक नेपालको मानचित्रमा बौद्ध संस्कृति अनुसार हेर्ने हो भने यहाँ समष्टिगतरुपमा हिमाली भेगका महायानी बौद्ध संस्कृति, नेपालमण्डल अर्थात् काठमाडौं उपत्यकाको परम्परागत वज्रयानी बौद्ध संस्कृति र थेरवादी बौद्ध संस्कृति विद्यमान रहेको पाइन्छ । ऐतिहासिकता, जीवन्तता र लोकप्रियताको दृष्टिकोणबाट हेर्दा नेपालमण्डल नै सम्पूर्ण नेपालको बौद्ध संस्कृतिको केन्द्रको रुपमा रहेको कुरा हामी बुझ्न सक्छौं । अझ संस्कृतिसाहित्यलाई आधार मानेर विभिन्न क्रियाकर्मलाई जीवितरुपमा हालसम्म सञ्चालन हुँदै आएको स्थान विश्वमा एकमात्र नेपाल नै बाँकी छ भन्ने कुरा विभिन्न विद्वानहरुले स्वीकार गर्दै आएका छन् । त्यसकारण विश्वसंस्कृतिक्षेत्रमा नेपालमण्डलको परम्परागत बौद्ध संस्कृति एक महत्वपूर्ण जीवित सम्पदा हो, तर विगत केही दशकअगाडिदेखि यस संस्कृतिको निरन्तरतामा विस्तारै ह्रास देखापर्न थालेको छ । राजनैतिक पक्षपात, राम्रो शिक्षादीक्षा र अध्ययनको अभाव, गरिवी, पश्चिमी संस्कृतिको संक्रमण आदिलाई यसको कारणको रुपमा लिन सकिन्छ यही गतिले यदि ह्रास हुँदै जाने हो भने चाँडै नै यो संस्कृति विश्वमानचित्रबाट नहराउला भन्न सकिन्न । यसको संरक्षणको लागि सरकारी स्तरबाट बढी सतर्कतासाथ पाइला चाल्नुपर्ने देखिन्छ । जनस्तरबाट भने विभिन्न संस्थाहरुद्वारा आफ्नो क्षमताअनुसार संरक्षणको प्रयास हुँदै आएका छन् ।

परम्परागत गुथी र संघहरुले यसको संरक्षणमा गरेको योगदान त छँदैछ, स्थानीय र राष्ट्रिय तहका संघसंस्थाहरुको योगदानलाई पनि नकार्न सकिन्न । छरिएर रहेका विभिन्न त्यस्ता संस्थाहरुलाई ऐक्यबद्धतातिर अग्रसर गर्दै आएको राष्ट्रिय स्तरको संस्था धर्मोदय सभाको योगदान यहाँ विशेष उल्लेखनीय छ ।

*क्रमश......*

---

यस संसारमा वैरभावले वैरभाव कहिल्यै शमन हुँदैन । सच्चा मैत्री प्रेम अथवा अवैरभावले मात्र त्यो शमन हुन्छ । यही नै पहिले देखिको सनातन धर्म हो ।


# "प्र" ल्होछार को हार्दिक शुभकामना

**नयाँ वर्ष "प्र" ल्होछारको शुभ अवसरमा हामी संपूर्ण नेपालीको सुख शान्ति र आरोग्यका लागि शुभकामना व्यक्त गर्दछौं ।**

श्रीमान्/श्रीमती टेक बहादुर गुरुङ्ग
तथा परिवार
नयाँ बजार पोखरा-८

# बुद्धधर्मको विवेचना

महीश्वरराज बज्राचार्य

भगवान शाक्यमुनि बुद्धको धर्म र दर्शनलाई अवलोकन गर्ने दुई भिन्न दृष्टिकोणहरु रहेका छन्, ती हुन् एउटा ऐतिहासिक र अर्को पौराणीक ।

यी दुई दृष्टिकोणहरु मध्ये ऐतिहासिक दृष्टिकोणले भगवान बुद्धलाई युगान्तकारी अनीश्वरवादी महामानवको रुपमा चित्रण गरेका छन् भने पौराणिक दृष्टिकोणले ईश्वरको प्रतीकको रुपमा वर्णन गरेको पाइन्छ । यही पौराणिक मान्यता अनुरुप बौद्ध पुराण एवं शास्त्रको आधारमा अत्यधिक मात्रामा बौद्ध देवदेवीहरुको प्रतिमूर्ति यत्रतत्र स्थापना हुन गई भक्तजनहरुबाट असीम श्रद्धाकासाथ तिनीहरुको विधिवत् पूजा अर्चना गर्ने परम्परा रहि आएको हुन् ।

यस अर्थमा भट्ट हेर्दा यी दुई दृष्टिकोणहरु पूर्व र पश्चिमका दिशाहरु झै एक आपसमा सर्वथा बाभिएको देखा पर्न आउँछ र कतिपयले यही अर्थमा लिने गरेका छन् पनि । यथार्थमा बौद्ध पुराण एवं शास्त्रादिहरुमा उल्लेखित ती बिबिध बौद्ध देवदेवीहरु भावनात्मक रुपमा ससम्मान पूजा गर्न लायक बौद्ध आदर्श र ज्ञानका प्रतिकात्मक स्वरुप मात्र हुन् । यसर्थ ती बौद्ध देवदेवीहरु अन्य धर्मका ग्रन्थहरुमा उल्लेख हुने गरे अनुसार सम्पूर्ण प्राणीहरुको भाग्य बिधाताको रुपमा दिने गरेको नित्य तत्वरुपी कुनै परम परमेश्वर बाट निसृत भएका ईश्वर होइनन् ।

इतिहासलाई नियालेको खण्डमा पनि अनादिकालदेखि नै ऐश्वर्य ज्ञान गुण र शक्तिमा आफूभन्दा सम्पन्न भएका कुनैपनि व्यक्ति वस्तु प्रकृति वा घटनाक्रमहरुलाई ससम्मान पूजा अर्चना गर्ने परम्परा मानव समाजमा रहि आएको कुरा स्पष्टिन आउँछ । यसको अलावा मानिसहरुमा दिवंगत भएका आफ्ना पूर्वजहरुको प्रतिमूर्तिमा श्रद्धा भक्तिका साथ उनको सम्झना र सम्मानमा माल्यार्पण गर्नुका साथै धूप दीप वाली पूजा गर्ने चलन पनि रहि आएको छ । दिवंगत भएका ती पूर्वजहरु निश्चयपनि इश्वर होइनन् । तर पनि उनको आदर्शको सम्झनामा उनको प्रतिमूर्तिमा पूजा गर्ने गरिन्छ । यसै अनुरुप यथार्थ बौद्ध भावना ज्ञान र आदर्शका प्रतीक स्वरुप रहेका ती मूर्तिहरुमा भक्तजनहरुबाट श्रद्धा भक्तिपूर्वक पूजा अर्चना गर्ने परम्परा रहिआएका हुन् ।

अनादि कालदेखि परम्परागत रुपमा चलिआएको यो काम गृहस्थ बौद्धहरुको आफ्नै प्रकारको संस्कृति भइसकेको छ । संस्कृतिको अर्थ गृहस्थमा रहने मानव समाजको आफ्नै प्रकारको जिउने कला हो, सभ्यता हो । समयको प्रवाहमा प्रवाहित हुँदै आएको यो संस्कृतिमा कुनै विशेष कारणवश समय समयमा विकृतिहरु भित्रिए वा भित्रिदै गरे पनि होलान् । कुन समयमा कहाँ कति विकृतिहरु के कति कारणवाट कसरी भित्रीए वा भित्रिदै गरेका छन् भन्ने कुरा यथार्थताको कसीमा घोटेर हेर्नुपर्ने त छँदैछ । ।

यस अर्थमा बौद्ध धर्म र दर्शनमा रहेको ऐतिहासिक र पौराणिक बिचार धाराहरुको भिन्नता केवल वाह्य रुपमा मात्र रही आन्तरिक रुपमा कुनै तात्विक भिन्नता नरहेकाले यी दुवै दृष्टिकोणहरुको अन्तिम लक्ष एउटै रहेको छ । त्यो हो भगवान बुद्धको मूलभूत उद्देश्य अनुरुप बहुजन हिताय बहुजन सुखायको कामना आफूलाई उत्सर्ग गर्दै अनित्य, दुःख र अनात्म ज्ञानको यथार्थतालाई पहिचान गरी अन्तमा मोक्ष प्राप्त गर्नु ।

यहाँ मोक्षको अर्थ मरणोपरान्त कुनै ईश्वरको शरीरमा लीन हुने नभइ त्रै धातुलोकमा पुनः जन्म लिनु नपर्ने गरी सांसारिक दुःख बन्धनबाट मुक्तहुनु हो । यसको लागि बिबिध यान अर्थात मार्गहरु रहेका छन् । ती मध्ये मूल रुपमा तीनवटा यानहरु प्रचलनमा रहेका छन्, तीहुन्- श्रावकयान, महायान र वज्रयान ।

श्रावकयानले ऐतिहासिकतालाई अगालेको छ

भने महायान र बज्रयान पौराणिक ग्रन्थ एवं धर्म शास्त्रहरुमा आधारित छन्। श्रावकयानीहरुका अनुसार इतिहास सत्य घटनामा आधारित हुने भएकोले उनीहरुको यान काल्पनिक नभई यथार्थ बौद्ध धर्ममा आधारित छन्। उनीहरुको दृष्टिकोण अनुसार महायान र बज्रयान पूर्णतया पुराण र धर्मशास्त्रमा आधारित भएको हुँदा त्यसको सत्यतामा कुनै आधिकारिक प्रमाणहरु छैनन्। अत: ती यानहरु बुद्ध भाषित होइनन्। तर यहाँ एउटा स्मरणीय कुरा के छ भने श्रावकयानको दर्शन अभिधर्मको देशना भगवान बुद्धले त्रयोगतिंश भुवन (स्वर्ग) मा गरेका हुन् भने श्रावकयानीहरु विश्वास गर्दछन्। स्वर्गको कुरा इतिहासमा आउँदैनन्। यस अर्थमा अभिधर्म ऐतिहासिक होइनन्। जेहोस् श्रावकयानीहरु आफ्नो धर्म र दर्शनलाई बुद्ध भाषित र ऐतिहासिक थान्दछन् र घटनाचक्रको आधारमा क्रमश: विकसित हुँदै देखा परेको मार्ग भनी परि भाषित गर्दछन्। तर महायानी र बज्रयानीहरु यो कुरासँग पूर्णतया असहमत छन्। उनीहरुका अनुसार महायान र बज्रयान धर्म कसैको कल्पना परिकल्पनाबाट निसृत भएको नभई पूर्णतया बुद्ध भाषित हुन्। उनीहरुको दृष्टिकोणमा श्रावकयान बुद्धधर्मको प्रारम्भिक ज्ञान मात्र हो।

ऐतिहासिक विवेचना अनुसार भगवान बुद्धले आफ्ना कुनै पनि उपदेशहरु लिखित रुपमा दिएका थिएनन्। उनका सम्पूर्ण उपदेशहरु मौखिक थियो। अत: बुद्धको परिनिर्वाण पछि उनका उपदेशहरुको योथोचित सकलन नगरिएको खण्डमा बौद्ध शिक्षा लोप भएर जाने सम्भावना रहन गयो। यसैलाई दृष्टिगत गरी भगवान बुद्ध परिनिर्वाण भएको तीन महिनापछि १२० वर्ष उमेरका तत्कालीन ज्येष्ठ भिक्षु महाकाश्यपले भगवान बुद्धको सम्पूर्ण धर्म विनय र दर्शनलाई क्रमवद्ध रुपमा संकलन गर्न मगध नरेश अजातशत्रुको सरक्षणमा राजगृहमा एउटा विशाल बौद्ध सम्मेलनको आयोजना गरे। जुन सम्मेलन प्रथम बौद्ध संगायनाको नामले प्रसिद्ध रह्यो। ५०० अर्हत भिक्षुहरुले भाग लिएको यो सम्मेलनको अध्यक्षता महाकाश्यप स्वयंले गरेका थिए।

सात महिनासम्मको निरन्तर छलफल पछि यो संगायना भगवान बुद्धको धर्म र विनय सम्पादन गर्नमा सफल रह्यो।

भगवान बुद्ध परिनिर्वाण भएको १०० वर्षपछि यो मन मुटावले उग्र रुप लियो। फलस्वरुप कट्टरपन्थी बृद्ध भिक्षुहरुले मगध नरेश कालाशोकको संरक्षणमा वैशालीमा दोश्रो बौद्ध संगायना गरे। ७०० अर्हत भिक्षुहरुले भाग लिएको यो संगायना आठ महिनासम्म चलेको थियो।

संस्कृत भाषामा बुद्धको पर्यायवाची शब्द स्थविर हो। अत: कट्टरपन्थी बौद्धहरुले संचालन गरेको यो संगायनालाई स्थविरवादी सम्मेलन भनियो र यस सम्मेलनबाट पारित सिद्धान्तलाई स्थविरवाद भनियो। कालान्तरमा स्थविरवादबाट थेरवाद हुनगयो।

उता सुधारवादी भिक्षुहरुले पनि कोशाम्बीमा राजा मंडलीको संरक्षणमा छुट्टै महाधिवेशन गरे। यस अधिवेशनमा सहभागी भिक्षुहरुको संख्या थेरवादीहरुको सम्मेलनमा भन्दा अत्यधिक रहेकाले यसबाट बनेको समुदायलाई महासांघिक भनियो। यही महासांघिक समुदायीहरु बुद्ध भाषित क्लिष्ट विषयहरुमा चिन्तन, मनन, तर्क, वितर्क मन्थन एवं विवेचनात्मक अध्ययन अनुसन्धानका साथै समय परिस्थिति र जनभावनाको कसीमा खारिदै कालान्तरमा महायानको रुपमा विकसित भयो।

महायानको र श्रावकयानको स्पष्ट रुपमा औपचारिक विभाजन कहिलेदेखि भयो भन्ने सम्बन्धमा ऐतिहासिक धारणा अनुसार सम्राट अशोकको पालासम्म यो विभाजन भएको थिएन। यसर्थ महायानी र श्रावकयानी सम्प्रदायले अशोकको धर्म प्रचारलाई आ-आफ्नो तौर तरिकाबाट मुक्तकण्ठले प्रशंसा गर्ने गरेका छन्।

सम्राट अशोकको समयमा भिक्षुसंघ अठार सम्प्रदायमा विभाजित भईसकेको थियो, जसमध्ये स्थविर वादतर्फ बाह्र सम्प्रदाय र महासांघिक तर्फ छ सम्प्रदाय भइसकेको थियो। समय र घटनाचक्रको परिवेशमा यो विभाजन चर्किंदै गयो र कालान्तरमा इस्वी संवत

१०० सालतिर कुशान सम्राट कनिष्कको समयमा औपचारिक रुपमा भिक्षुसंघ श्रावकयान र महायानमा विभक्त भयो ।

सम्राट कनिष्कको समयमा भिक्षुहरुको मतभेद चरम शिखरमा थियो । यो मतभेद हटाउन उनले काश्मिरमा वृहत् बौद्ध सम्मेलनको आयोजना गरे । ५०० भिक्षुहरुले भाग लिएको यस महाधिवेशनको अध्यक्षता भिक्षु वसुमित्रले गरेका थिए भने उपाध्यक्ष भिक्षु अश्वघोष थिए ।

यस संगायनाले मत मतान्तरमा रहेका भिक्षुहरुको आफ्नो दर्शन अनुसार निर्वाणमा पुग्ने मार्गहरु रहेको कुरालाई स्वीकारे, जसमध्ये एउटा क्लेशमुक्त भई अर्हतको पदबाट निर्वाण प्राप्त गर्ने अर्को आफू बुद्ध बन्ने तर कसैलाई उद्धार नगरी आफूमात्रै निर्वाण हुने र तेश्रो बहुजन हिताय बहुजन सुखायकै लागि बुद्धत्व प्राप्त गरी निर्वाण हुने । यसमध्ये पहिलोलाई श्रावकयान, दोश्रोलाई प्रत्येक-बुद्धयान र तेश्रोलाई महायान भनियो । समयको प्रवाहमा पछि प्रत्येक बुद्धयानीहरु लोप भएर गयो केवल श्रावकयान र महायान मात्र रहन गयो ।

यसप्रकार भगवान शाक्यमुनि बुद्ध परिनिर्वाण भएको करिब ५५० वर्ष पछि सम्राट कनिष्कको पालोमा बौद्ध समुदाय स्पष्ट रुपमा दुई सम्प्रदायमा विभक्त भए महायान र हीनयान (श्रावकयान) ।

समयको उपक्रममा महायान पनि विकसित हुँदै मन्त्रयान, तन्त्रयान हुँदै बज्रयानसम्म विकसित भयो र यो क्रम कालचक्रयानसम्म जारीरह्यो । अचेल कालचक्रयान ओझेलमा परिसकेको छ ।

तर बौद्धधर्म ग्रन्थहरु यी कुरालाई पूर्णतया नकार्दछन् । पौराणिक दृष्टिकोण अनुसार महायान र बज्रयान उच्च कोटिको बुद्ध भाषित यानहरु हुन् । श्रावकयान बुद्धधर्म र दर्शनको पहिलो खुड्किलो हो भने महायान दोश्रो खुड्किलो र बज्रयान तेश्रो तथा अन्तिम खुड्किला हुन् ।

सम्प्रदायको आधारमा महायान र बज्रयानमा खास कुनै तात्विक भेद नरहेकाले प्रचलनमा महायान भन्नाले बज्रयान समेतलाई जनाउने गर्छ भने श्रावकयानले भगवान बुद्ध बाहेक अरु कुनै कसैको अस्तित्वलाई नमान्ने भएकोले उनीहरुको मार्गलाई हीनयानको संज्ञा दिएको छ र यही नामबाट श्रावकयान अर्थात् थेरवाद बहुचर्चित भएका छन् ।

यथार्थमा श्रावकयानलाई हीनयान भन्नु महायानीहरुको उनीहरुको उनीहरुप्रति हेय दृष्टिमात्रै हो । त्यस्तै महायान दर्शनलाई बौद्ध दर्शन नै होइन भन्नु श्रावकयानीहरुको अयथार्थवादी अडान हो । यस्ता अनर्गल प्रलापहरु केवल आ-आफ्नो यानलाई मात्र महत्व दिई एकले अर्कोलाई तलपार्ने प्रवृत्ति मात्र हो । यस्तो प्रवृत्तिले गर्दा यथार्थ बुद्धधर्मको विकासमा ह्रास हुँदै त्यसमा विकृति भित्रिदै गरेको कुराको इतिहास साक्षी छ ।

यथार्थमा श्रावकयान बौद्ध जगतको त्यो मूल धरातल हो, जसमा महायान र बज्रयान खडा भएका छन् । यसर्थ सम्पूर्ण यानहरु एक अर्कोमा अन्योन्याश्रित छन् । परिपूरक छन् ।

अतः श्रावकयान मात्रै पनि सम्पूर्ण बुद्धधर्म होइन, महायान मात्रै पनि समूल बुद्धधर्म होइन र त्यस्तै बज्रयान मात्रै पनि । यसको अलावा बुद्धधर्म र दर्शनको नाममा प्रचलनमा रहेका कुनै खास ध्यान वा ज्ञान मात्रै पनि बुद्धधर्म होइन । बुद्धधर्म भनेको ती सम्पूर्ण यान, ध्यान, वा ज्ञानको समूहगतः रुप हो जसको नाम हो बुद्धयान ।

बुद्धयानको यथार्थका सम्बन्धमा महायानी ग्रन्थ सद्धर्म-पुण्डरिकको दोश्रो अध्याय उपाय कौशल्य परिवर्तको ५४ औं श्लोकमा बुद्धवचनको रुपमा यसरी व्यक्त गरिएको छ ।

*एक हि यानं द्वितीय नविद्यते, तृतीय हि नैवास्ति कदाचिद्लोके ।*
*अन्यन्नपाया पुरुषेत्तमानं, यद्यान नानात्युप दर्शयन्ति ॥*

भावार्थः यो संसारमा केवल एउटै मात्र यान छ, त्यो हो बुद्ध यान । यसको अलावा अरु दोश्रो, तेश्रो, यान भन्ने केहीछैन । तथागतबाट अन्य विविध यानहरु देखाउनुको तात्पर्य समय, परिस्थिति र अवस्था अनुसानर लोक-कल्याण गर्नको लागि मात्र हो ।

एवं प्रकारले आर्य-नामसंगीति समता ज्ञान गाथाको श्लोक नं. १७-मा पनि यसरी उल्लेख गरिएको छ ।

*नानायान नयोपाय जगदर्थ विभाजक: ।*
*यान चित्तय निर्यात एकयान फलेस्थित: ॥*

भावार्थ: विविध यानहरु - श्रावकयान, महायान, वज्रयान आदि देखाउनुको तात्पर्य प्राणीहरुलाई उद्धार गर्ने भगवान बुद्धको उपाय-कौशिल्य मात्र हो । आखिरकार एउटै मात्र यान छ, त्यो हो बुद्धयान ।

यसर्थ बुद्धयानको अर्थ श्रावकयान, प्रत्येक-बुद्धयान, महायान, वज्रयान आदि विविध यानको एकाकार हो ।

तसर्थ विशुद्ध रुपमा बुद्धधर्म र दर्शनको सर्वतोमुखी विकास गर्न साम्प्रदायिक भावनालाई प्रश्रय दिने कुनै पनि यान, ध्यान वा ज्ञानको मात्र पक्षपाती नभई विविध मार्गमा विभाजित सम्पूर्ण बौद्धहरुमा समन्वयात्मक एकतामा बुद्धयान कायम गरी सौको माध्यमबाट बौद्ध भावना जगाई तद् अनुरुप आचरण गर्नु गराउनु आजको आवश्यकता हो, समयको माग हो । अस्तु ।


## नयाँ वर्ष 'प्र' ल्होछार को उपलक्ष्यमा

समस्त नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुख शान्ति र समृद्धिको

**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

श्रीमान्/श्रीमती क्या. चन्द्र प्रसाद गुरुङ्ग
तथा परिवार
नयाँ बजार - ८

---

## नयाँ वर्ष 'प्र' ल्होछारको उपलक्ष्यमा समस्त नेपाली मा हार्दिक मंगलमय शुभकामना ।

श्रीमान्/श्रीमती क्या. थमन बहादुर गुरुङ्ग
(कोषाध्यक्ष-बौद्ध अर्घौं सदन)
तथा परिवार
LT Constructional Materials
औद्योगिक क्षेत्र, फोन: ५२११४८, निवास:५२४८२९

---

## "प्र" ल्होछार को हार्दिक शुभकमना

नयाँ वर्ष 'प्र' ल्होछारको शुभ अवसरमा हामी संपूर्ण नेपालीको सुख शान्ति र आरोग्यका लागि शुभकामना व्यक्त गर्दछौं ।

श्रीमान्/श्रीमती सु.मे.सुक बहादुर गुरुङ्ग
तथा परिवार
पूर्व अध्यक्ष - बगालेटोल तमु समाज

# बौद्धधर्मको अमर नक्षर छट्रल रिन्पोछेको जीवनी

❑ लोचावा पुण्य प्रसाद पराजुली

सम्पूर्ण संसारलाई शान्तिको मार्ग देखाउने भगवान बुद्धका अमृतमय धर्म वचनहरु अहिलेसम्म पनि यस धरतीमा जीवन्त नै छन् । भगवान बुद्धका शिष्यहरुद्वारा हरेक पिढीमा प्रशारण गर्दै लगेका यी अमूल्य उपदेशहरु हरेक परिस्थितिमा उत्तिकै सान्दर्भिक छन् । तिनै उपदेशहरुलाई आफ्नो जीवनमा उतारेर अरुहरुलाई पनि त्यसैतर्फ प्रेरित गर्ने गुरुवर छट्रल रिम्पोछेको जीवन चर्यालाई यहाँ प्रस्तुत गर्न गैरहेको छु । रिन्पोछेज्यूका निकटतम शिष्य ट्रालेक खेन्पो विरचित तिब्बती ग्रन्थ, टुल्कु थोन्डुप विरचित साधना र सिद्धिका गुरुहरु ग्रन्थ तथा रिम्पोछेज्यूका निकटतम शिष्यहरुको अन्तर्वार्ताको आधारमा यो जीवनी तयार पारिएको छ ।

तिब्बतमा बौद्ध धर्मको शुरुवात गराने प्रमुख देन नेपाली राजकुमारी भृकुटीको छ । लिच्छवीकालीन यी राजकुमारीको तिब्बती सम्राट स्रङचङ गम्पोसंग विवाह हुँदा अक्षोम्य बुद्ध, तारा आदिका मूर्तिहरुका अलावा नेपाली बौद्ध पण्डित शील मञ्जुलाई पनि संगै लगेकी थिइन । यिनैको प्रभावबाट सम्राट स्रङचङ गम्पो पनि बौद्ध धर्मतर्फ आकर्षित भएका थिए । उनले शुरु गरेको बौद्ध धर्म उनको तीन पुस्ता पछिका राजा ठिसोङ देउचेनको पालामा धेरै नै उन्नत अवस्थामा पुग्यो । ठिसोङ देउचेनले भारतका बौद्धगुरुहरु पद्मसंभव (गुरुरिन्पोछे), शान्तरक्षित, विमलमित्र आदि लाई तिब्बतमा बोलाउनुको साथै वैरोचन जस्तो तिब्बतीहरुलाई भारतमा पढ्न पठाएका थिए । गुरु पद्मसंभवले तिब्बतमा वज्रयान बौद्ध धर्मको स्थापना गर्नु भएको थियो भने शान्तरक्षितले भिक्षुसंघको स्थापना गर्नु भएको थियो । राजाको प्रत्यक्ष सहभागितामा भारतीय र नेपाली पण्डितहरु तथा तिब्बती अनुवादक (लोचावा) हरुद्वारा बौद्धधर्म ग्रन्थहरुलाई तिब्बती भाषामा अनुवाद गरिएको थियो ।

ठिसोङ देउचनका नाती लाङ दार्माले एघारौं शताब्दीमा भारतीय बौद्धगुरु अतीश दीपंकर जस्ता गुरुहरु तिब्बत गएर बौद्ध धर्मको प्रचार प्रसार गर्न थाले भने मार्पा लोचावा, डोक्मी लोचावा, रिन्छेन साङपो जस्ता तिब्बती गुरुहरु भारतमा आएर बौद्ध धर्मको अध्ययन, अभ्यास र अनुवाद गर्न थाले । उनीहरुले तिब्बती फर्केर बौद्ध धर्मलाई पुनर्जीवित गर्न थाले । एघारौं शताब्दी भन्दा पहिले अनुवाद भएका बौद्ध ग्रन्थहरुको आधारमा अभ्यास गर्ने साधकहरुलाई न्यीङमापा भनिन्छ भने त्यस पछि अनुवाद भएका बौद्ध ग्रन्थहरुमा आधारित साधकहरुलाई सार्मापा भनिन्छ । न्यीङमा भन्नाले प्राचीन, पुरानो पुरातन भन्ने बुझिन्छ भने सार्मा भनेको नयाँ हो । सार्मा भित्र अतीशले चलाएका उपदेशहरु अनुसार चल्ने कादम्पा, मार्पा लोचावाले चलाएको काग्युपा, डोक्मीले चलाएको साक्यापा पर्छन् । पछि खोखपाले सबै परम्परा विशेष गरी कादम्पा परम्पार अनुसार गेलुक्पमा परम्परा शुरु गरे ।

गुरु पद्मसम्भव (लोव), शान्त रक्षित (ख्येन) र राजा ठिसोङ देउचेन (छो) द्वारा चलाइएको पद्धतिको अनुशरण गर्ने बौद्ध मार्गीहरुलाई न्यीङमापा भनिन्छ । नेपालको उत्तरी हिमाली भेग तथा मध्य पहाडका तामाङ तथा गुरुङ जनजातीहरुमा यही परम्पराको प्राधान्यता छ । यो परम्परामा गुरु पद्मसम्भवलाई अत्यन्त श्रद्धाका साथ हेरिन्छ र दोस्रो बुद्धकै रुपमा मान्ने प्रचलन छ। यो परम्पराको तिब्बतमा कुनै केन्द्रीय विहार (गुम्बा) तथा गुरु थिएनन् । गुरु पद्मसंभवद्वारा स्थापित साम्ये गुम्बा, तेरदाग लिङपाद्वारा बनाइएको मिन्ड्रोलिडका साथै काथोग, पाल्युल, दोर्जे ड्राग, झोग्छेन आदि गुम्बाहरु यो परम्पराका प्रमुख गुम्बाहरु हुन् । नेपालको सोलुखुम्बुको तेङबोचे, हेलम्बुको तार्के घ्याङ डोल्पाको शे आदि गुम्बा यही परम्पराका गुम्बा हुन् ।

यहाँ प्रस्तुत जीवनी काथोग गुम्वाका गुरुसँग

सम्बन्धित छ। शरण नायक गुरुवर छट्रा साङगे दोर्जेको जन्म सन् १९१३ मा तिब्बतको पूर्वी प्रान्त खामको न्याग आजिरोङमा भएको थियो। उहाँका बुवाको नाम पेमा धोन्डूप र आमाको नाम वाल्युङसा सोनाम्छो थियो। उहाँ बाल्यकाल देखि नै धेरै करुणा प्रज्ञा, श्रद्धावान हुनुहुन्थ्यो। उहाँले शुरुमा दुम्ज्योम लिङपा परम्पराका उपदेशहरु टुल्कु दोर्जे ड्राडुल, सरा खान्ड्रो देवे दोर्जेहरवाट पाउनु भएको थियो।

पन्ध्र वर्षको उमेमा उहाँले घरवार त्याग्नु भयो र आवर्सी टुल्कु ल्हीमा ज्ञलछेन, जाम्याङ खेन्चे छोक्यी लोड्रो, शेछेन कोङट्रल पेमा ड्रिमे, सितु पन्छेन छोक्यी ग्याम्छो, तेरछेन जिग्ड्राल येशे दोर्जे आदि गुरुहरुबाट उपदेशहरु लिएर अभ्यास गर्नु भएको थियो। काथोग खेन्पो ङवाङ पाल्साङबाट उहाँको लोङछेन न्यीनथिग परम्पराका अभिषेक र उपदेशहरु पाउनु भयो। खेन्पोङागाको प्रमुख मूल गुरु हुनु भयो।

गुरुहरुबाट उपदेश प्राप्त गर्ने क्रममा उहाँ घोडा चढेर हिंडुन भएन। अभ्यासको वेलामा उहाँ मानिसहरुको घरमा पस्ने जान्नु हुन्नथ्यो केवल कन्दरा, गुफा र आफ्नै सानो पालमा मात्र बस्नु हुन्थ्यो। भेडाको छालाले बनेको कोट लगाउनु हुन्थ्यो। दाताहरुबाट खाना लिंदा उक्त कोटको गोजीमा जति अट्यो त्यतिमात्र लिने गर्नु हुन्थ्यो।

उहाँले तिब्बतका प्रसिद्ध गुरुहरु दुम्ज्योम जिग्द्राल, येशे दोर्जे, जाम्याङ खेन्चे, छोक्यी लोड्रो, शुक्सेव लोछेन आदिलाई अमूल्य गुह्य उपदेशहरु प्रदान गर्नु भयो। तिब्बतमा दलाई लामाका उत्तराधिकारी रेड्डिङले उहाँलाई ल्हासामा बोलाएर भोक्पा छेन्पा (महासन्धि) का उपदेशहरु लिनु भयो। यसबाट उहाँको ख्याति धेरै बढेर गयो। उच्च घरानाका साथै सामान्य मानिसहरु पनि धेरै उपहारहरु लिएर उहाँसँग उपदेशहरु माग्न आउन थाले। त्यस्तो कार्यमा लाग्दा मार्गबाट विमुख भइन्छ भन्ने लागेर सामाजिक जीवनलाई चटक्कै त्यागी हिमाली गुफा कन्दराहरु तर्फ लाग्नु भयो। गुरु पद्मसंभव र अन्य गुरुहरुद्वारा साधना गरिएका स्थानहरुमा गएर उहाँले लगभग तीस वर्ष सम्म कठोर तपस्या गर्नु भयो। सांसारिक रागहरुबाट मुक्त भएकाले उहाँको नाम नै छट्रल (रागमुक्त, वैरागी) राखियो। उहाँको नाम साङगे दोर्जे (बुद्ध वज्र) भए पनि त्यो नामले भन्दा छट्रल नामबाटै उहाँलाई चिनिन्छ। धेरै मानिसलाई छट्रल रिम्पोछे भन्ने मात्र थाहा छ।

रिन्पोछेले आफ्ना गुरुहरुबाट जुन उपदेशहरु पाउनु भयो, तिनीहरुको अत्यन्त गम्भीर रुपमा अभ्यास गर्नु भयो। तिब्बतमा प्रचलित पूर्वांगत अभ्यासहरु (ङोन्डो) को अभ्यासमा मात्र उहाँले ६ वर्ष पाँच महिना लगाउनु भयो। यहाँ स्मरणीय कुरा के छ भने धेरै जसो लामाहरुले त्यस्ता अभ्यास एक सेट मात्र अर्थात एक एक लाख मात्र गर्ने गर्छन्। पूर्वांगत अभ्यासमा बाहिरी र भित्री अर्थात साधारण र असाधारण गरी दुई वर्ग पर्छन्। बाहिरी पूर्वांगतमा चार मति परिवर्तनका उपदेशहरु पर्छन्। अमूल्य मानव देह प्राप्तिको दुर्लभता, मृत्यु र अनित्य, कर्म र फल, संसारका दुःखहरुको भावना गर्नुलाई वाह्य पूर्वांगत भनिन्छ।

वाह्य पूर्वांगतहरुमा निश्चित अनुभूति भएको व्यक्तिले त्रिरत्न शरण गमन, बोधिचित्तोत्पाद, दण्डवत, वज्रसत्व ध्यान र जप, मण्डल अर्पण र गुरु योगका अभ्यासहरु गर्ने प्रचलन छ। यी अभ्यासहरुको थोरैमा पनि एक एक लाख आवृत्ति गर्ने चलन छ। यस पछि मात्र वज्रयानका गुह्य अभिषेकहरु लिएर उत्पत्ति र सम्पन्न क्रम रुपी शामथ र विपश्यनाको अभ्यास गरिन्छ। हिमाली क्षेत्रका बौद्ध मार्गीहरु तथा काठमाण्डु उपत्यकाका लामाहरुसंग सम्बन्धित नेवारहरु यहि क्रमबाट अगाडि बढ्छन्। राणाकालमा नेपालमा पाल्नु भएका क्यान्छा लामाज्यूले पनि यही क्रमको अभ्यासमा जोड दिनु भएको थियो। वि.सं. २०१८ सालसम्म सक्रय रुपमा उपदेश प्रदान गर्नु हुने शिवपुरी क्षेत्रको नागी गुमका धास्या रिन्पोछे सोनाम तेन्जीङले पनि यस्तै उपदेशहरु उपत्यकाका बौद्ध मार्गीहरु तथा उपत्यकाका वरिपरिका तामाङहरुलाई प्रदान गर्नु भएको थियो। उहाँका चेलाहरुले एक सेट पूर्वांगत गरेको जस्तो छट्रल रिन्पोछेले तेह्र सेट पूर्वांगतहरु गर्नु भएको थियो। यसको लागि ६ वर्ष पाँच महिना पूरै लागेका थियो।

पूर्वांगतको राम्रो जग बसिसके पछि महासन्धि

(झोर्छिने) परम्पराका गम्भीर उपदेशहरुको बाह्रौं शताब्दीका प्रसिद्ध गुरु मिलारेपा तथा भारत वर्षका ऋषिमुनिहरु झैं अभ्यास गर्नु भयो। उहाँको अभ्यास यति गहिरो थियो कि उहाँका आफ्नै गुरु खेन्पो डागासंग उपदेश प्राप्तिको लागि एक जना साधक आएका थियो। खेन्पोले त्यो उपदेश परम्परा त मसंग पनि छ साँच्चिकै अभ्यास गर्ने हो भने मेरो चेला छट्राललाई भेट भन्नु भयो। उक्त साधकले छट्रललाई भेट भन्नु भयो। उक्त साधकले छट्रल रिम्पोछेलाई भेट्न पाँच वर्ष लाग्यो। हिमाली क्षेत्रमा भेडा गोठालाहरुलाई सोध्दै विभिन्न गुफा कन्दराहरुमा खोज्दा पाँच वर्ष पूरै लागेको थियो। त्यसपछि मात्र उसले छट्रल रिन्पोछेबाट उपदेश पाएर अभ्यास गर्नु भएको थियो।

तिब्वतमा कठोर तपस्या गरेर सिद्धि प्राप्त गरिसकेपछि उहाँले साँच्चिकै अभ्यास गर्न खोज्ने व्यक्तिलाई गुफामा राखेर साधना गराउन थाल्नु भयो। सन् १९५९ मा तिब्वतमा चीनको आधिपत्य कायम भएपछि अन्य लामाहरु झैं उहाँ पनि पहिले भुटान र त्यस पछि भारत आई पुग्नु भयो। उहाँले भारतको दार्जीलिङ छेउको जोरबङ्ला माथिको पुरानो गुम्बा मर्मत गर्नु भयो र त्यहाँ एक साधना गृह (डुडा) को स्थापना गर्नु भयो। साधना गृह भन्नाले तीन वर्ष तीन महिना (लोसुम दासुम) पुरै वा त्यो भन्दा छोटो अवधिको लागि ध्यान गर्ने एकान्त स्थान हो। सरल नेपाली भाषामा गुफा बस्ने घर पनि भनिन्छ। भारत र नेपालमा निर्वासित लामाहरु मध्ये यस्तो साधना गृह (डुडा) बनाउने उहाँ पहिलो लामा हुनु हुन्थ्यो। आज विश्व भरमा त्यस्ता धेरै नै साधना गृहहरु छन् जसमा तिब्वती नेपाली तथा पश्चिमका साधकहरु गुफा बस्ने गर्छन्।


## नयाँ वर्ष 'प्र' ल्होछार को शुभकामना

नयाँ वर्ष प्र (वानर वर्ग) ल्हो छार को पावन उपलक्ष्यमा संपूर्ण प्राणी जगतको सुख, सुस्वास्थ्य, दीर्घायु र सम्बृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यस पावन पर्वले देशमा शान्ति स्थापित गरी मैत्री सद्भाव र सौहार्दता बढाओस्।

**नेपाल लामा संघ**
केन्द्रीय कार्यालय
बुद्ध शान्तिमार्ग, पोखरा-१०

**टासी छ्चो लिङ गुम्बा**
बुद्ध शान्तिमार्ग, पोखरा-१०
(लामा गोपालको गुम्बा)

( टासी छ्यो लिङ गुम्बामा जडीबुटीबाट औषधोपचार गरिन्छ। एक पटक आएर परिक्षा गर्नुहोस् )

# बुद्धधर्ममा विश्वकवि रवीन्द्रनाथ टेगोरको देन

♦ रत्न सुन्दर शाक्य

भारतमा विशेष गरेर बंगाल प्रान्तमा बुद्ध धर्म प्रतिष्ठित गर्नमा अगुवा हुनुभएकाहरु मध्ये कविवर रवीन्द्रनाथ टैगोर एक हुनुहुन्छ । उहाँको जन्म ८ मे १८६१ मा कलकत्ताको जोडारोको भन्ने बस्तीमा पिता महर्षि देवेन्द्रनाथ टैगोर र माता शारदादेवीको कान्छा सुपुत्रको रुपमा भएको हो । वहाँको शिक्षा आठ वर्षको उमेर देखि मात्र शुरु भएको थियो । तापनि उहाँको लगनको फलस्वरुप सानै उमेर देखि कविता लेख्दै जाने प्रयासले गर्दा पछि गएर एक ठूला साहित्यकार बनेर साहित्यमा "नोबेल पुरस्कार" समेत प्राप्त गर्नु भयो ।

उहाँको जन्मभन्दा एक वर्ष अगाडी सन् १८६० मा वहाँका पिता देवेन्द्रनाथ टैगोर, दाजू सत्यन्द्रनाथ टैगोर र वहाँहरुको हितैषी केशवचन्द्र सेनले श्रीलंका भ्रमण गर्नुभएको थियो । केशवचन्द्र सेन बुद्धधर्ममा विशेष दिलचस्पी राख्ने व्यक्ति भएका कारण वहाँले सत्यन्द्रनाथ टैगोरलाई पनि बुद्धधर्ममा प्रभावित गर्नु भएको थियो । त्यतिमात्र होइन सत्यन्द्र नाथ टैगोर (सन् १८४२-१९२३) लाई बुद्धधर्म सम्बन्धी लेख्दै जाने प्रेरणा समेत दिनुभएकोले वहाँको तर्फबाट बुद्धधर्म सम्बन्धी लेख तथा ग्रन्थहरु थुप्रै प्रकाशित छन् ।

यसप्रकार रविन्द्रनाथ टैगोर जन्मनु अघिनै वहाँको परिवारमा बौद्ध संस्कार भित्रिसकेको थियो । दाजू सत्यन्द्रनाथले पछि इङ्गल्याण्डको ब्राइटन नगर मा बसोबास गरेकाले रविन्द्रनाथ पनि युवावस्थामा यूरोप पुग्नुभयो ।

त्यसबेला लण्डन निवासमा रवीन्द्रनाथको लण्डन विश्वविद्यालयका दुई जना सिंहली विद्यार्थीहरु संग सम्बन्ध गाँसिएको थियो । उनीहरुसँग घनिष्ठता बढ्दै गएको फलस्वरुप वहाँलाई श्रीलंकामा आउन निमन्त्रणा गरियो । त्यसकारण उहाँ केहि वर्ष लण्डन बसी श्रीलंका हुँदै सन् १८८३ मा भारत फर्कनु भएको हो ।

यसप्रकार रवीन्द्रनाथ टैगोरको श्रीलंका बुद्ध र बौद्ध संस्कृतिसँग सम्बन्ध गाँसिएको थियो । वहाँले १९ औं शताब्दीको अन्तिम दशकमा "साधना" नामको मासिक पत्रिकाको सम्पादन एवं प्रकाशन गर्नु भएको थियो । सो पत्रिकामा बुद्धधर्म सम्बन्धी रचना पनि समावेश गर्नको लागि त्यसबेला कलकत्तामा बस्नुभएका "महाबोधि सभा" का संस्थापक अनगारिक धर्मपाल (सन् १८६४-१९३३) सँग उहाँ सम्पर्क मा आउनुभयो ।

अनगारिक धर्मपाल भारतमा बुद्धधर्मको पुनरुत्थान गर्नको निम्ति श्रीलंकाबाट भारत आउनुभएको थियो । वहाँपनि १९ औं शताब्दीको अन्ततिरै भारत आउनु भएको थियो । वहाँकै विशेष प्रयासले गर्दा ३१ मे १८९१ मा "महाबोधि सभा" स्थापना भएको हो । श्रीलंकाको कोलोम्बोमा स्थापना भएको "महाबोधि सभा" को प्रधान कार्यालय वहाँले भारतको कलकत्तामा राख्न ल्याउनुभएको हो । वहाँसँग कविवर रविन्द्रनाथ टैगोरको सम्बन्ध घनिष्ठ हुँदै गयो । एक आपसमा मित्रता प्रगाढ हुँदै गयो । जसको फलस्वरुप टैगोरको विचारधारामा बौद्ध भावना बृद्धि हुँदैगयो र लेखनमा पनि त्यसले प्रभाव पार्नु स्वाभाविक नै भयो ।

रवीन्द्रनाथ टैगोरले सन् १९०१ मा कलकत्ताको बोरपुरमा आफ्ना पिता महर्षि देवेन्द्रनाथ टैगोरको साधनास्थल शान्ति निकेतनमा एउटा आश्रम स्थापना गर्नुभयो । पहिलो पटक पाँच जना विद्यार्थीहरु राखेर सो शिक्षा केन्द्र आश्रमलाई स्थाइ तथा विस्तार गर्नको लागि टैगोरकी धर्मपत्नी मृणालीनी देवीले आफ्ना सबै गहनाहरु बेच्नु परेको थियो । शान्ति निकेतन स्थापना भएको केही वर्षमै मृणालिनी देवीको मृत्यु भयो । वहाँको सम्झनामा शान्ति निकेतनमै "श्रीभवन" स्थापना गरियो । त्यहाँ महिलाहरुलाई आवश्यक शिक्षा-दीक्षाको प्रवन्ध गरिएको छ ।

त्यस शान्ति निकेतन शिक्षा केन्द्रमा रविन्द्रनाथ टैगोरले सन् १९०६ मा बनारसका संस्कृत पण्डित विधुशेखर शास्त्रीलाई निमन्त्रण गर्नुभयो । उनलाई

पालिभाषा र साहित्यमा निपूर्ण गराइ उनीबाटनै शान्ति निकेतनका विद्यार्थीहरु लाई पालीभाषा पढाउने प्रबन्ध मिलाइयो ।

सम्पूर्ण "धम्मपद" कण्ठ पार्नु भएका कविवर टैगोर श्री चारु चन्द्र वसुको "धम्मपद" को बंगाली अनुवाद प्रकाशनको बेला शुभकामना साथ केही सुझाव समावेश गरेर एउटा समालोचना प्रबन्ध पनि लेख्नुभएको थियो ।

रविन्द्रनाथ टैगोरले "शान्ति निकेतन" लाई शिक्षा र संस्कृतिको एउटा महान केन्द्र बनाउनु भयो । त्यस शिक्षा केन्द्रमा शील, सदाचारले पूर्ण हुनुपर्ने नियम लागु गरिएको छ । त्यसको निम्ति त्यहाँ बराबर बौद्ध विद्वान तथा भिक्षुहरुलाई आमन्त्रित गरेर व्याख्यान गराउनु हुन्थ्यो । यसै क्रममा सन् १९१९ मा श्रीलंकाका भिक्षु धम्माधर महास्थवीरलाई निमन्त्रण गरी विशेष "अभिधर्म" सम्बन्धी व्याख्यान गराइएको गौरवपूर्वक रिकर्ड गरिएको छ ।

कविवर टैगोरले बौद्ध विद्वानहरुलाई शान्ति निकेतनमा व्याख्यान मात्र गराउनु भएको होइन, आफ्ना विद्यार्थीहरुलाई बौद्ध साहित्य अध्ययन गर्नको लागि श्रीलंका र वर्मामा पनि पठाउनु भएको स्मरणीय छ ।

स्मरणयोग्य छ, शान्ति निकेतन शिक्षा केन्द्रमा सन् १९२१ मा फ्रान्सका विद्वान आचार्य सिल्वेन लेवी (सन् १८६३-१९३५) आफ्नी श्रीमतीका साथ आनिमन्त्रित भै आउनु भएको थियो । वहाँकै उपस्थितिमा शान्ति निकेतन "विश्व भारती" विश्वविद्यालयमा परिणत भयो, सन् १९२२ फेब्रुअरी देखि । त्यसकारण सिल्वेन लेवीलाई "विश्वभारती" का पहिलो अतिथि अध्यापक बन्ने सौभाग्य प्राप्त भयो ।

आचार्य सिल्वेन लेवी चीनी तथा तिब्बती भाषाका ज्ञाताका साथै भारतीय इतिहास, प्राचीन बौद्ध साहित्यका महान ज्ञाता हुनुहुन्थ्यो । वहाँका प्रमुख शिष्यहरु मध्ये कलकत्ता विश्वविद्यालयका अध्यापक डा. प्रबोधचन्द्र बागची पनि एक हो । चीनी भाषाविद तथा बौद्ध संस्कृतिका महान ज्ञाता डा. प्रबोधचन्द्र बागचीको शिक्षा शान्ति निकेतन बाटै शुरु भएको थियो । वहाँ पछि विश्वभारतीका उपाचार्य हुनुभयो ।

सन् १९२५ मा रोम विश्वविद्यालय इटलीका बौद्ध विद्वान प्रोफेसर जोसेफ टुच्ची पनि यहाँ आमन्त्रित भै आउनु भयो । वहाँकै तत्वावधानमा विश्व भारतीमा चीनी भाषाको माध्यम सहित अनुसन्धान कार्य पनि सुचारु रुपले चलाईयो ।

सन् १९२८ मा विश्वभारतीमा एकजना चीनी बौद्ध विद्वान प्रोफेसरको आगमन भयो । वहाँ हुनहुन्छ- प्रोफेसर तान युन शान (सन् १९१०) । सन् १९२७ तिर मात्र सिंगापुरमा टैगोरको उहाँसँग भेट भएको थियो र टैगोरको प्रतिभाबाट निकै प्रभावित भएका थिए यी युवा प्रोफेसर । टैगोर मार्फत नै बुद्ध विश्वका जीवन्त प्रतीक हुन भन्ने भनाइलाई सहर्ष स्वीकार गरेर बुद्धको विचरण भूमिप्रति अति श्रद्धा राखि प्रो. तान यून शान एक वर्ष पछि "विश्वभारती" मा अध्यापक बन्न आउनु भयो । उहाँको आगमनले विश्वभारतीको भविष्यमा एउटा नयाँ अध्याय थपिने महशुस कविवर टैगोरले गर्नु भएको थियो । साँच्चै नै प्रो. तान युन शानको त्याग र कर्मनिष्ठा को फलस्वरुप सन् १९३७ को अप्रिलमा "चीन भवन" स्थापना भयो । यस भवनमा क्रमशः तिब्बत, चीन, जापान, श्रीलंका वर्मा र थाइल्याण्ड आदि देशका विद्यार्थी धमाधम प्रवेश हुँदै गए ।

यसप्रकार, बुद्ध र बौद्ध संस्कृति प्रति गम्भीर श्रद्धा र आकर्षण भएका रवीन्द्रनाथ टैगोर विशेषत वंगालको कुनै पनि ठाउँमा बौद्ध कृयाकलाप हुँदा अवश्यपनि सहभागी हुनु भएको देखिन्छ ।

सन् १९२८ डिसेम्वरको अन्ततिर नेपालको धर्मादित्य धर्माचार्य (ने.सं. १०२२-१०८३) को विशेष प्रयासले तीनदिन सम्म "अखिल भारतीय बौद्ध सम्मेलन" सम्पन्न भएको थियो । जसमा टैगोर उपस्थित हुनुहुन्थ्यो ।

सन् १९३१ नवेम्वरको ११ देखि १३ सम्म भारतको सारनाथमा अनगारिक धर्मपालको प्रयासले निर्माण भएको "मूल गन्धकुटी विहार" को समुद्घाटन

समारोह सम्पन्न भएको थियो । यस समारोहमा कविवर टैगोरको सन्देश बोकेर पण्डित बिधुशेखर शास्त्रीले प्रतिनिधित्व गर्नु भएको थियो ।

सन् १९३५ मे १८ मा २४७९ औं वैशाख पूर्णिमा "महाबोधि सभा" को तरफबाट कलकत्ताको धर्म राजिक बिहारले भव्यरुपमा सम्पन्न गरेको थियो । त्यस अवसरमा ७५ वर्षिय रवीन्द्रनाथ टैगोर उपस्थित हुनुभएको अरु उल्लेखनीय थियो । उक्त अवसरमा उहाँले भन्नु भएको थियो -"आज वैशाख पूर्णिमाको दिनमा भगवान बुद्धको जन्मोत्सव समारोहमा म सम्मिलित हुन आएको छु । र वहांप्रति नतमस्तक छु जसलाई मैले यस ससारका सर्वश्रेष्ठ व्यक्ति सम्झेको छु । मेरो श्रद्धा यो उत्सव जस्तो देखावटी होइन । मेरो भित्री मनदेखी प्रभावित भै प्रकट भएको श्रद्धानै मैले यहां बारम्वार व्यक्त गरि रहेको छु " ।

यस्तैगरी उहांले आफ्नो अनेकौं कृतिहरुमा बुद्ध, बुद्धधर्म र बौद्ध संस्कृति बारे व्याख्यान गर्नु भएको छ ।

वहांले "पथेर संचय" भन्ने आफ्नो कृतिको १४ पेजमा उल्लेख गर्नु भएको छ -"भारतवर्षमा बौद्ध धर्मको अभ्यूदयकालका साथै परवर्ती युगमा बौद्ध सभ्यताको प्रभावले यस देशको शिल्प, विज्ञान वाणिज्य र साम्राज्य शक्तिको जति विस्तार भयो त्यति अन्य कुनै युगमा पनि भएन ।"

स्मरणयोग्य छ विश्वकवि रवीन्द्रनाथ टैगोरको नतीरपूजा, अभिसार, पूजारिनी, परिशेष आदि पुस्तकहरु बौद्ध विचारधाराबाट प्रभावित छन् । त्यस्तै वहाँको बौद्ध विचारधाराबाट प्रेरित कथाहरु पनि छन । जस्तो कि- श्रेष्ठ भिक्षा, नगरलक्ष्मी, मूल्य ... आदि । मालिनी, चाण्डालिका, नतीरपूजा वह... बौद्ध कथामा आधारित नाटकहरु हुन् ।

पूजारिनी वहाँले बर्मा, पेनाङ्ग, सिंगापुर थाइल्याण्ड, जावा, चीन आदि देशहरुको भ्रमण पछि बुद्ध र बौद्ध धर्मको प्रचुरमात्रामा दृष्यावलोकन र ज्ञान आर्जन पछि बुद्धधर्मबाट अतिनै प्रभावित भै सन् १९२४ मा रचना गर्नु भएको कृति हो । त्यही साल विश्व भारतीका विद्यार्थीहरुले पूजारिनीको अभिनय पनि गरेका थिए । यही एउटा कृतिले पनि टैगोर बुद्धधर्मका प्रेमी हुन् भन्ने प्रमाणित भएको छ ।

कवि रवीन्द्रनाथ टैगोरको बौद्ध देश श्रीलंका सँग घनिष्ठ सम्बन्ध थियो । सन् १९२२ मा श्रीलंका भ्रमण गर्नु हुंदा वहाँले त्यहाँको दक्षिणी भागमा अवस्थित गाल्ल शहरको "महिन्द्र कलेजमा" र मातरको "महामन्तिन्द परिवेण" मा पनि बौद्ध संस्कृतिको बारे व्याख्यान दिनु भएको थियो । महामन्तिन्द परिवेणका प्रधानाचार्य भिक्षु धर्मकीर्ति श्री धम्मावास नायक महास्थवीर (सन् १८८८-१९४९) को तरफबाट वहाँलाई "मान पत्र" प्रदान गरिएको थियो ।

सन् १९२७ मा कविवर टैगोरले यूरोप भ्रमण स्थगित गरेर श्रीलंका भ्रमण गर्नु भएको थियो । यस पटक वहाँ कोलोम्वोमा आफ्ना मित्र डा. डब्लु. ए. डी सिल्वाको साथ बस्नु भएको थियो ।

टैगोरको अन्तिम श्रीलंका यात्रा सन् १९३४ को मई महिनामा भएको थियो । यस पटक वहाँ डेढ महिना बस्नु भएको थियो । यसैपटक वहाँलाई श्रीलंकाका विशिष्ट बौद्ध विद्वान सर डोनबारोन जयतिलक (सन् १८६८-१९४४) ले भव्य स्वागत गर्नु भएको थियो । टैगोरका साथ गएका विश्वभारतीका विद्यार्थीहरुलाई पनि त्यहाँका विद्यार्थीहरुले ठूलो श्रद्धा र प्रेम प्रदर्शन गर्नुका साथै विश्वभारती विश्वविद्यालयको निम्ती प्रशस्त चन्दा संकलन गरेर टैगोरलाई प्रदान गरेका थिए ।

यस पटकको श्रीलंका यात्रामा टैगोरले कोर्नु भएका कैयौं चित्रहरुको प्रदर्शन पनि श्रीलंकामा गरिएको थियो । यस भ्रमणमा वहाँले श्रीलंकाका प्राचीन बौद्ध अवशेष (पुरातात्विक) अनुराधापुर, पोल्लनरुव, सिगरिय आदि ठाउँको अवलोकन गर्नुभयो ।

यसप्रकार रवीन्द्रनाथ टैगोरले विशेषत: बंगाली समाजलाई सुदृढ गर्नमा साथै भारतीय जनतालाई बुद्ध धर्ममा आकर्षित गर्नमा धेरै योगदान गर्नुभएको छ ।

जीवनको अन्ततिर भारतका यस कवि, कलाकार, दार्शनिक, मानवतावादी, शिक्षाशास्त्री अनि

स्वतन्त्रताका सन्देशवाहक, नोबल पुरस्कार विजेता निवेम्बर १९१३ मा) विश्वयात्रु, देश विदेशका विभिन्न विश्वविद्यालबाट डिलिट तथा भारत सरकारबाट "सर" उपाधी प्राप्त गर्नु भएका (यद्यपि पंजाबको अमृतसर मा "जलियावाला बाग काण्ड" १३ अप्रिल १९१९ पछि अंग्रेज सरकारलाई फिर्ता दिएको) गुरुदेव (महात्मा गान्धीले सम्बोधन गर्ने शब्द) रवीन्द्रनाथ टैगोर अर्थात ठाकुरले आफ्नो उद्देश्यपूर्ण जीवन पूरा गरेर विशेषगरि "विश्व भारती विश्वविद्यालयलाई भारतीय संस्कृतिको प्रमुख केन्द्र बनाई ८० वर्षको पूर्ण जीवन पछि ७ अगस्त १९४१ को दिन यस संसारबाट सदाका लागि जानुभयो ।

अन्तमा भारतीय संस्कृतिको एउटा प्रमुख केन्द्र बनेको विश्व भारती शान्ति निकेतन- बोलपुर (हावडा पुलबाट १६१ कि.मि. टाढा) मा बौद्ध दर्शन तथा संस्कृतिको अध्ययन मननमा अध्यापक आदि भै मद्दत गर्नुहुने महानुभावहरुलाई एकपटक सम्झना गर्दछु - वहाँहरु मध्य शरदकुमार राय, बासुदेव गोखले, शान्ति भिक्षु शास्त्री, सुजीत कुमार मुखोपाध्याय, आयस्वामी शास्त्री, नारायण चन्द्र सेन, वैंकटरमण, अभितेन्द्र नाथ ठाकुर र प्रबोधचन्द्र सेन विशेष उल्लेखनीय छन् ।

नेपाल भाषाबाट अनुवाद

चन्द्रलक्ष्मी गुभाजू


## नयाँ वर्ष 'प्र' ल्होछार को उपलक्ष्यमा

देशमा हत्या, हिंसा, आतङ्क बन्द भै शान्ति छाओस् भन्ने कामना गर्नुका साथै समस्त नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा सुख शान्ति र सम्बृद्धिको लागि

## हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्रीमान्/श्रीमती राम बहादुर गुरुङ्ग
तथा परिवार
नागढुङ्गा, पोखरा

# दूपछेन साधना

□ दिपक गुरुङ

बौद्ध धर्म महायान अन्तर्गत निङमा, सक्यपा, केग्यूपा र गेलुक्पा संप्रदायहरु छन्। यी संप्रदायको प्रमुखमा लामा गुरुहरु रहेका हुन्छन् अथवा यसलाई लामा बौद्ध धर्म भनिन्छ । लामा शब्द तिब्बती शब्दबाट आएको आगन्तुक शब्द हो। जस अनुसार साङगे तेन्प (बौद्ध धर्म) ले देखाएको बाटोलाई अनुत्तर मार्ग (लान मेपहि लम्) र त्यस बाटोबाट हिंडेर प्राप्त गरिने ज्ञानलाई अनुत्तरज्ञान (लान मेपहि येशे) भनिन्छ। जुन बाटोको अर्को बाटो छैन त्यस्तो सर्वोच्च बाटोलाई अनुत्तरमार्ग र जुन ज्ञान भन्दा अर्को ज्ञान छैन त्यस सर्वोच्च ज्ञानलाई अनुत्तर ज्ञान भनिन्छ। तिब्बती शब्द लन् मेपहि को छोटकरीमा लमे, लमेबाट लम् लम् बाट लामा शब्द भएको हो। जस्को शाब्दिक अर्थ अनुत्तर वा सर्वोच्च ज्ञानवादी भन्ने हुन्छ। त्यसैले लामा शब्दको अर्थ लामा बौद्ध धर्म, लामावाद, लामाधर्म अथवा सर्वोच्च ज्ञानबादी धर्म भन्ने बुझिन्छ।

बौद्ध धर्म अन्तर्गत लामा धर्म सम्बद्ध दुपछेन महासाधना पूजा सम्बन्धी केही सानो जानकारी दिन चाहन्छु। दुपछेन पूजा प्रत्येक वर्ष समय मिलाएर बौद्ध गुम्बाहरुमा गरिने एउटा नियमित सञ्चालन भईरहने विशेष पूजा विधि हो। धार्मिक जो कोही श्रद्धालु भक्तजनहरुले यस प्रकारको पूजाको आयोजना गर्न सक्दछ। यस पूजाको अवधि साधारणतया नौ दिनको हुन्छ।

प्रथम दिन आवश्यक सर सामग्रीहरुको व्यवस्था गरिन्छ। पूजा अवधिभर कुनै मारन मोहन, वाधा अड्चन नआओस् भनेर चार दिशाको चारद्वारपालहरुलाई पूजाविधीद्वारा आमन्त्रण गरिन्छ।

दूपछेन पूजा सम्बन्धी डाक्सो सूत्रहरु सात दिन सम्म पाठ गरिन्छ। अन्तिम दिन विभिन्न पूजा-अर्चनाद्वार। द्वारपालहरुलाई विदा गरी सोही दिन भेला भएका भक्तजन एव शिष्यहरुलाई रिम्पोछेहरुबाट वा लामागरुबाट अभिषेक प्रदान गरि दूपछेन महासाधना समापन हुन्छ।

महायान बौद्धधर्ममा सूत्रहरुद्वारा वन्दना पाठ गर्नु ज्यादै ठूलो महत्व राखेको हुकन्छ। पहिलो वन्दना गर्नु- दोश्रो पूजन, तेस्रो देशना अनुमोदन, अशेषणा, याचन र अन्त्यमा परिणामना शिर्षक सूत्रहरुको निम्न भावार्थ रहेको छ।

(क) त्रिरत्नको शरणमा जान्छु।

(ख) आफूले गरेको पापको प्रायश्चित गर्छु।

(ग) बुद्ध र बोधिसत्व प्रति अटूट आस्था, श्रद्धा राख्छु।

(घ) अरुहरुको हितका लागि सदा सर्वदा धार्मिक अभ्यासमा निरन्तर संलग्न रहन्छु।

आफ्नो हित र अरुको हित प्राप्ति गर्नु महायान बौद्ध धर्मको दुई महत्वपूर्ण अर्थ रहेको छ। सम्पूर्ण वस्तुहरुको स्वभाव शून्यताको भावना मनमा राखी अभ्यास गर्दा धर्मकाय भित्र सही चित्रण साक्षात्कार भई आफ्नो हित हुन्छ भने करुणाको भावनाबाट निर्माण कार्य प्राप्त गरी अरुहरुको हित गर्ने इच्छा जागदछ। सारशमा वुद्ध धर्म दर्शनको सारतत्व नै शून्यता र करुणा हुन। यी दुईलाई संगसंगै अभ्यास गर्दा जो कसैले पनि बोधिसत्व प्राप्त गर्न सक्छ। त्यसैले धार्मिक भावना राख्ने धर्मप्रति जिज्ञासु मुमुक्षुहरुले यसैलाई ग्रहण गरी हिंडिरहेका छन्।

नमो वुद्धाय, नमो धर्माय, नमो संघाय :

❖❖❖

**धर्महरुमा सम्पूर्ण मानसिक स्वभावमा मन नै अगुवा हुन्छ, तिनीहरु मनद्वारा बनाइएको हुन्छ। प्रदुष्ट मनले जे बोलेपनि, जे गरे पनि त्यसबाट त्यस्ताको पछि पछि लागे दुःख मात्र आइरहन्छ। जसरी गाडा तान्ने गोरुको पछि पछि पांग्रा आइरहन्छ। त्यसैगरी शुद्ध र प्रसन्न मनले जे बोले पनि जे गरे पनि त्यसबाट त्यस्ताको पछि पछि छायाले साथ नछोड्ने झैं गरी सधैं सुखले साथ दिइरहन्छ।**

# हामी एक हौं-लौ एक बनौं

डा. गणेश माली

एकै बुद्धका हामी शिष्यहरु
भन्छौं कोही थेरवादी, कोही महायानी, कोही बज्रयानी
फरक बाहिरी आवरणमा, तर भित्र सबै निर्वाण गामी
हामी एक हौं, लौ एक बनौं

१

हातका पाँच औंला, लामो छोटो सानो ठूलो
मिली हत्केलामा सबै गर्छन् काम राम्ररी,
त्यस्तै नै हामी बौद्ध सबै
मिली बसौं, लौ एक बनौं

२

आसक्ति त्यागी, लोक कल्याणार्थ संकल्प गरी
सम्यक् दृष्टि अपनाई, लाग्ने निर्वाण पथमा
चाहना हामी सबैको एउटै
हामी एक हौं-लौ एक बनौं

३

ल्याउन जागरण हाम्रो देशमा,
नरनारी आदर्श बनाई, सम्यक मार्ग देखाई,
शान्ति स्थापना गर्ने प्रण गरी बस्ने
हामी एक हौं- लौ, एक बनौं

४

पूनित कार्यमा नगरौं बिलम्ब रत्ति पनि,
शक्तिशाली बनौं एक भै लौं छिटै
बनाउन समाज र देश आदर्श
हामी एक हौं- लौ एक बनौं ।

५

---

एक न एक दिन सबैले मर्नु पर्दछ - यो विचार राख्ने बुद्धिमान व्यक्तिको कलह सधै शान्त हुन्छ भने यो कुराको विचार नगर्ने मूर्ख व्यक्तिको कलह कहिल्यै शान्त हुँदैन ।



Wondershare PDFelement

## युवा बौद्ध संघद्वारा पाठ्य सामग्री वितरण

पोखरा /

धर्मशिला बुद्ध विहारस्थित युवा बौद्ध संघद्वारा मंसीर २७ गते विशेष कार्यक्रम आयोजना गरी विश्वशान्ति स्तूप समितिबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई पाठ्य सामग्री वितरण गरियो ।

विशेष कार्यक्रममा विशेष उपस्थित रहेका मिस नेपाल २००३ प्रीति सिटौलाले सो पाठ्य सामग्री विद्यार्थीहरुलाई प्रदान गर्नु भएको थियो । सो सामग्री प्रदान गर्दै उहाँले युवा बौद्ध संघको यस्तो सामाजिक कार्यमा आवश्यक परे आफूले सहयोग गर्न तैयार भएको प्रतिवद्धता व्यक्त गर्नु भयो ।

समारोहमा नेपालको कला र संस्कृतिको वार अध्ययन गर्न आउनु भएको विद्यार्थी सुश्री क्लेरी लिको पनि उपस्थिति थियो । उहाँलाई सभापति प्रकाश उदासले खादा ओढाइ स्वागत गर्नु भएको थियो ।

सभापति उदासको सभापतित्वमा भएको समारोहमा युवा बौद्ध संघ तथा विश्व शान्तिस्तूप छात्रवृत्ति कार्यक्रममा सदश्य सुशन पौडेलले ५ जनाबाट शुरु भएको छात्रवृत्ति पाउने विद्यार्थीको संख्या हाल २० जना पुगेको वताउनु भयो ।

सभामा सहसचिव विक्रम उदासले स्वागत भाषण गर्नु भएको थियो ।

सभापति प्रकाश उदासको सभापतित्वमा भएको कार्यक्रमको संचालन सचिव रञ्जन बज्राचार्यले गर्नु भइको थियो ।

## कङ्ग्युर पाठ संपन्न

पोखरा /

नेपाल लामा संघद्वारा ग्ये ल्होछारको उपलक्ष्यमा विश्वशान्ति का लागि तेश्रो पटक पुस १ गते देखि दश दिन सम्म गरिएको कङ्ग्युर पाठ हालै संपन्न भएको छ । सो पाठको नेतृत्व संघका निर्णायक हितकुमार लामाले गर्नु भएको थियो ।

सो पूजामा विभिन्न जिल्ला शाखाका लामाहरुको पनि सहभागी थियो ।

पूजाको शुरुमा संघका अध्यक्ष समेत रहनु भएका नेपाल लामा संघका अध्यक्ष गोपाल गुरुङ्गले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## धर्मोदय सभाको केन्द्रीय सभा

काठमाण्डौ /

बुद्धधर्म सम्बन्धी सबभन्दा पुरानो र सबभन्दा धेरै शाखा प्रशाखम भएको संस्था धर्मोदय सभाको केन्द्रीय सभा पुस ५ र ६ गते काठमाण्डौ भृकुटी मण्डपस्थित बुद्ध विहारमा सम्पन्न भयो ।

केन्द्रीय सभाको उद्घाटन प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष उपसंघनायक भिक्षु बुद्धघोष महास्थविरले एक समारोहवीच कलात्मक


# हार्दिक शुभकामना

**नयाँ वर्ष ग्ये ल्होछारको उपलक्ष्यमा सम्पूर्ण नेपालीमा शान्ति मैत्री ल्याई देओस् ।**

यही शुभकामना छ ।

भद्र बहादुर घले
तथा परिवार
नागढुङ्गा, पोखरा

पानसमा ... प्रज्जलन गरी गर्नु भयो । आफ्नो उद्घाटन ...णमा उहाँले नेपालमा धर्मको प्रचार मा धर्मोदय ...ाको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । उहाँले बौद्ध एकता कायम गर्न सभाले निर्वाह गरेको भूमिका उत्साहवर्धक भएको पनि उल्लेख गर्नु भयो ।

धर्मोदय सभाका अध्यक्ष भिक्षु अश्वघोष महास्थवीर को सभापतित्वमा सपन्न सो सभा शील प्रार्थना र बुद्धधर्मका तीनै यानद्वारा मङ्गल कामना गरीएको थियो ।

सभाको शुरुमा उपाध्यक्ष ओमकार प्रसाद गौचनले स्वगत भाषण गर्नु भएको थियो ।

धर्मोदय सभाको दोश्रो सत्रमा महासचिव प्रा. सुवर्ण शाक्यले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष पद्मज्योतिले आयव्ययको वार्षिक लेखा जोखा प्रस्तुत गर्नु भएको थियो । सामान्य छलफल पछि सभाले ती दुवै प्रतिवेदन पारित गऱ्यो ।

सभाले विधान पनि सौधन गरेको छ । संशोधित विधानले कार्य समितिलाई काम गर्न सजिलो हुने अपेक्षा गरिएको छ ।

तेश्रो सत्रमा जिल्ला शाखाहरुको प्रतिवेदन पेश गरिएको थियो ।

सभामा सल्लाहकार समितिा सभापति लोकदर्शन बज्राचार्यले लुम्बिनीमा अधुरो रहेको । विहार र चैत्य निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो भने सो निर्वाणको लागि सभामा करिब ४२ लाख जति चन्दा उठेको समाचार छ ।

## बौद्ध संघको नयाँ कार्य समिति

भक्तपुर/

यहाँको बौद्ध संघको हालै भएको दशौं अधिवेहनले त्रिरत्न शाक्यको अध्यक्षतामा नया कार्य समितिको गठन गरेको छ । नव गठित समितिमा संघ ररत्न शाक्य उपाध्यक्ष र लक्ष्मीचन्द्र बज्राचार्य सचिव हुनु भएको छ ।

त्यस्तै सहसचिव र कोषध्यक्षमा पुष्परत्न


**नयाँ वर्ष 'प्र' ल्होछारको**

शुभ अवसरमा हामी संपूर्ण नेपालीको सुख शान्ति र आरोग्यका लागि

**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

सुश्री राज कुमारी गुरुङ्ग
तथा परिवार
फूलबारी-११, पोखरा

**नयाँ वर्ष 'प्र' ल्होछार को उपलक्ष्यमा**

देशमा शान्ति छाओस् भन्ने कामना गर्दै समस्त नेपालीमा सुख शान्ति र समृद्धिको

**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

श्रीमती कर्म गुरुङ्ग
अध्यक्ष-तमु धि
पोखरा

शाक्य र पुण्यरत्न शाक्य हुनुभएको छ भने सदस्यहरुमा तुलसी काजी मानन्धर, प्रकाश सुवाल, लक्ष्मी नारायण शिल्पकार रत्न सुन्दर शाक्य, राजु बज्राचार्य र सुगत रत्न बज्राचार्य हुनुहुन्छ ।

अधिवेशनको प्रमुख अतिथि धर्मोदय सभाका अध्यक्ष अश्वघोष महास्थवीर हुनुहुन्थ्यो भने सभाको सभापति त्रिरत्न शाक्यले गर्नु भएको थियो ।

## ल्याम्ह पुचको कार्य समिति

मकवानपुर / बुद्धधर्म र नेपाल भाषको प्रचार प्रसारको लागि यहाँ ल्याम्ह पुचको गठन गरिएको छ। प्रज्ञा महा विहारको सक्रियतामा सो संस्था गठन गरिएको हो।

सो पुच गठन गर्नका लागि प्रज्ञा महाविहारका अध्यक्ष मोहन बज्राचार्य को सभापतित्वमा हालै एक सभाको आयोजना गरिएको थियो । सभाले ल्याम्ह पुचको अध्यक्षमा विद्युत बज्राचार्यलाई छानेको छ भने उपाध्यक्ष र सचिवमा धीरेन्द्र शाक्य र पवन शाक्य रहनु भएको छ ।

पुचको कार्य समितिमा हितरत्न शाक्य र सुश्री निलम वैद्यलाई मनोनित गरिएको पनि समाचारमा जनाइएको छ ।

## अभिधम्म समारोह लोकार्पण

ललितपुर / अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष उपनायक भिक्षु बुद्धघोष महास्थवीरले यहाँ एक धार्मीक समारोहका बीच अभिधम्म स्मारिकाको बिमाचन गर्नु भयो ।

अभिधम्म अध्ययन समाजका अध्यक्ष प्रेमलाल चित्रकारको सभापतित्वमा सो समारोह सम्पन्न भएको थियो । समारोहमा वक्ताहरुले बुद्ध धर्ममा अभिधम्मको महत्ववारे प्रकाश पार्नु भएको थियो वक्ताहरुमा भिक्षु आनन्द, भिक्षुणी धम्मावती, धर्मरत्न शाक्य, डा. गणेशमाली, महेन्द्र रत्न शाक्य लगायतका वक्ताहरुले बोल्नु भएको थियो

शुरुमा अनगारिका सुजाताले स्वागत भाषण गर्नु भएको थियो भने कार्यक्रम संचालन चित्रशोभा तुलाधरले गर्नु भएको थियो ।


*नयाँ वर्ष "प्र" ल्होछारको शुभ अवसरमा हामी संपूर्ण नेपालीको*

सुख शान्ति र आरोग्यका लागि

शुभकामना ब्यक्त गर्दछौं ।

कमल कुमार गुरुङ्ग
मनोकामना आयल स्टोर्स
बुद्धचौक, पोखरा
फन: ५२१८३२/५२२४१९

**नयाँ वर्ष 'प्र' ल्होछारको**

शुभ अवसरमा संपूर्ण नेपालीमा सुख शान्ति छाओस्

**यहि हाम्रो कामना छ ।**

श्रीमान्/श्रीमती नारायण सिंह गुरुङ्ग
तथा परिवार
रामघाट-१०

## थाइल्याण्ड, सिंगापुर र मलेसियाको भ्रमण

पोखरा / धर्मशिला बुद्ध विहार स्थित युवा बौद्ध संघको आयोजनामा यहाँका ३६ जना महानुभावहरुको एक टोली थाइल्याण्ड, सिंगापुर र मलेसियाको भ्रमणको लागि पुस १२ गते यहाँबाट प्रस्थान गऱ्यो ।

युवा बौद्ध संघका अध्यक्ष प्रकास उद्धासको नेतृत्वमा गएको सो टोलीले त्यहाँ महत्वपूर्ण बौद्ध तीर्थस्थल , पर्यटकीय स्थल का अतिरिक्त उद्योग र व्यापार क्षेत्रको अवलोकन र अध्ययन गर्ने कार्यक्रम छ । भ्रमण अवधि ११ दिनको रहेको छ ।

भ्रमण टोलीमा- प्रकाश उदास, विकास रत्न शाक्य, बल बहादुर गुरुङ्ग, गुण देवी गुरुङ्ग, राम प्रसाद श्रेष्ठ, शम्भु कार्की, श्रीमती सिता कार्की, कृष्णमान गुभाजू, श्रीमती सरीता गुभाजू, भरत राज शाक्य, श्रीमती रेनुका देवी शाक्य, श्रीमती नीता बज्राचार्य, शेखर मान बुद्धाचार्य, तेजमान बुद्धाचार्य, श्रीमती सरस्वती बुद्धाचार्य, गुरुमा कर्मशीला, श्रीमती गंगादेवी कायस्थ, समरमान बुद्धाचार्य, श्रीमती अनिता बुद्धाचार्य, सुश्री अनुपा बुद्धाचार्य, ओजसमान बुद्धाचार्य, सुसान मान बुद्धाचार्य, श्रीमती जनक शाक्य, रुद्र मल्ल, तिर्थ बहादुर बस्नेत, भिम थापा, श्रीमती नीरा थापा, दिपक श्रेष्ठ, श्रीमती सुभद्रा श्रेष्ठ, शिव प्रसाद द्वा, श्रीमती पूर्णलक्ष्मी द्वा, नरेश द्वा, श्रीमती नीता द्वा, श्रीमती शिव कुमारी गुरुङ्ग र महेन्द्र महर्जन हुनुहुन्छ ।

❑❑❑


**गुरुङ्गहरूको महान पर्व नयाँ वर्ष 'प्र' ल्होछारको उपलक्ष्यमा**

संपूर्ण नेपालीहरु मैत्रीपूर्ण वातावरणमा रमाउन पाओस् भन्दै

हामी संपूर्ण दाज्यू भाई दिदी बहिनीहरुको सुख शान्ति र आरोग्यको

**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

टेक बहादुर गुरुङ्ग

(निवर्तमान अध्यक्ष)

पुम्दी भुम्दी गाउँ विकास समिति, कास्की

**गुरुङ्गहरूको महान पर्व नयाँ वर्ष 'प्र' ल्होछारको**

उपलक्ष्यमा देशमा व्याप्त हत्या, हिंसा, र आतङ्क बन्द होस् ।

**सबैको सुख, शान्ति र सम्बृद्धिका लागि**

**हार्दिक मङ्गलमय शुभकामना**

गञ्जमान गुरुङ्ग

नयाँबजार, पोखरा

का.जि.द.नं. ३३/०५३/०५४
हुलाक दर्ता नं. ०१/०५८/०५९

**गुरुङ्गहरूको महान पर्व नयाँ वर्ष 'प्र' ल्होछारले**

हत्या, हिंसा, रोकी देशमा शान्ति कायम होस र
संपूर्ण नेपालीहरु मैत्रीपूर्ण वातावरणमा रमाउन पाओस् भन्दै
हामी संपूर्ण दाज्यू भाई दिदी बहिनीहरुको सुख शान्ति र आरोग्यको
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

टप्स बोर्डिङ्ग स्कूल परिवार
रामघाट, पोखरा

---

**गुरुङ्गहरूको महान पर्व नयाँ वर्ष 'प्र' ल्होछारको**
उपलक्ष्यमा देशमा व्याप्त हत्या, हिंसा, र आतङ्क बन्द होस् ।
**सबैको सुख, शान्ति र सम्बृद्धिका लागि**
**हार्दिक मङ्गलमय शुभकामना**

टिक प्रसाद गुरुङ्ग
[redacted]
पुम्दी भुम्दी गाउँ विकास समिति

---

**गुरुङ्ग जातिको सबभन्दा महत्वपूर्ण पर्व नयाँ वर्ष प्र ल्होछारले**
देशमा शान्ति मैत्री ल्याओस् ।
हामी सम्पूर्ण नेपालीहरुको सुख, शान्ति र आरोग्यको
हार्दिक शुभकामना प्रकट गर्दछौं ।

**वर्ल्ड कम्युनिकेसन**
सम्पूर्ण सुविधायुक्त पूर्णतः कम्प्यूटर बिलिङ प्रणालीबाट संचालित टेलिफोन सेवा (STD, ISD) साथै इन्टरनेट, फोटोकपी, कुरियर, लेमिनेशन, हवाइटिकट तथा बस टिकट साथै अन्य बिबिध सेवाको लागि ।

बि. बि. गुरुङ्ग
**WORLD COMMUNICATION**
**& B.B. TRADERS**
पृथ्वीचोक, पोखरा